
# बाल गोठालो हाए वा

लेखक: हुवा शान

अनुवादक : देवेन्द्र तिम्ला



# बाल गोठालो हाए वा

लेखकः हुवा शान

अनुवादक : देवेन्द्र तिम्ला

कृति
**बाल गोठालो हाए वा**
**(The Shepherd Boy Hai Wa By Hua Shan)**
**(Translated By Devendra Timla)**

प्रकाशक
जागृति प्रकाशन
वनस्थली, काठमाडौं


प्रथम संस्करण : २०५४ आश्विन (चिन्तन प्रकाशन)
प्रकाशित संख्या : ३००० प्रति
द्वितीय संस्करण : २०७३
मूल्य रू ५०।–

मुद्रक
ऐश्वर्य छापाखाना
रक्तकाली, काठमाडौं
फोन : २१३२७९

# कथासार

यो जापानी आक्रमण विरोधी युद्धको समयमा चीनको शानशी प्रान्तमा पर्ने थाएहाङ इलाकामा घटेको एउटा कथा हो ।

एक पटक बाल गोठालो हाए वा महत्वपूर्ण चिट्ठी आठौं मार्गसेनासम्म पुऱ्याउन भेडासहित निस्कन्छ । बाटोमा ऊ अन्न लुट्न हिंडेका दुश्मनको पञ्जामा पर्दछ । होशियार एवम् साहसी हाए वा पूरै बाटोभरी दुश्मनसँग लचिलो ढङ्गले संघर्ष गर्दछ । यसरी चिट्ठी पुऱ्याउन ऊ सफल हुन्छ । आठौं मार्ग सेनाहरू र छापामार दस्ताको आपसी सहयोगबाट दुश्मनको गढलाई ध्वस्त पारेर पहाडतर्फ लागेका लुटेराहरूको पनि पूरै सफाया गर्दछन् ।



# बाल समूहको नेता

हाम्रो कथा त्यस समयमा शुरू हुन्छ, जब हाए वाको उमेर १४ वर्ष मात्र थियो । यस बेलासम्म उसले भेडा चराएको ६ वर्ष भइसकेको थियो ।

शुरूमा उसले आफ्नो बा'सँग भेडा चराउने गर्दथ्यो । तर जब देशमा जापानीहरूले आक्रमण गरे, तब उसको बा छापामार दस्तामा भर्ती भए र रेलवे–स्काउट बनी अक्रमणकारीसँग लड्न हिंडे ।

हाए वा पनि गाउँमा निकै सक्रिय थियो । ऊ आफ्नो गाउँको जापानको प्रतिरोध गर्ने तथा देश बचाउने बाल समूहको नेता बनेको थियो ।

ऊ प्रत्येक दिन पहरा दिन लुङ्मन डाँडामा जान्थ्यो । यो कामसँगै उसले आमाले दिएको रातो रूमाल बाँधेको भाला लिएर भेडा चराउने काम पनि गर्दथ्यो ।

एक रात आमाले ऊसँग भनिन् : "पहरा बसेको बेला तँ चनाखो रहनु पर्दछ ! जापानी आक्रमणकारीहरू ठीक तल मैदानमा छन् र हाम्रो गाउँमा कुनै पनि बेला अचानक आक्रमण गर्न सक्छन् । पछिल्लो पटक उनीहरू अन्न लुट्न आउँदा हाम्रो घरमा आगो लगाइदिएका थिए । त्यसबेला म बल्ल बल्ल बाँचेकी थिएँ । त्यसबेला समयमै भाग्न नसक्नेहरू सबै मारिए ।"

"आमा ! तपाईं मेरो चिन्ता नगर्नुस् ! अब म बाल समूहको नेता हुँ ।" यति भनेर हाए वा निदायो ।



भोलिपल्ट बिहान हाए वा ब्युँझदा आमाले चर्खा कातिरहेको देखेर सोध्यो, "आमा ! तपाईं घरमा बसि चर्खा कात्ने नगर्नुस्, हामी पहाडमा लुक्न जाउँ ।"

आमाले भनिन्, "मेरो असल बच्चा, मैले धागो नकाते हाम्रो गुजरा कसरी हुन्छ ? तिमीले डाँडामा राम्रोसँग पहरा दिनु । कसैसँग लडाईं झगडा नगर्नू । त्यसो गरे म घरमा निर्धक्कसँग धागो कात्न सक्छु ।"

हाए वाले कपडा लगाउँदै भन्यो, "बाल समूहको नेता लडाईं झगडा कसरी गर्छ ? जब म सानो थिएँ त्यतिबेला कहिलेकाहीं चकचक गर्दथें । तर अब मैदानबाट आउने बाल गोठालाहरूसँग मेरो सम्बन्ध धेरै राम्रो छ र हामी कहिल्यै पनि झगडा गर्दैनौं । मैले उनीहरूलाई 'रातो फित्ता भएको भाला' नामक गीत गाउन सिकाएको छु र उनीहरूलाई हाम्रो 'रात्री बाघ कम्पनी' ले कसरी दुश्मनको किल्लालाई तहसनहस पाऱ्यो भन्ने कुरा पनि बताएँ । हओचओ गाउँको एउटा केटाले उसको मालिक सारै दुष्ट एवम् गद्दार जमिन्दार भएको र उसलाई जापानीहरूले गाउँको मुखिया बनाइदिएको कुरा बतायो । अस्ति राति जमिन्दारले उसलाई खालिपेट गाउँभरि चक्कर लगाएर ढोल पिट्दै जापानी आक्रमणकारीको लागि किसानहरूको घोडा जम्मा गर्न बाध्य गराएको कुरा पनि भन्यो ।

"ओहो !" हाए वाकी आमा चिच्याइन् । "यसको मतलब दुश्मनहरू फेरि अन्न लुट्न आइरहेको त हैन ? तिमिले यसको जानकारी पहिल्यै दिनुपर्ने थियो । चाँडो गर । हाम्रो गाउँको नेतालाई चाँडो बताऊ !"

"मैले उनलाई बताइसकेको छु ।" हाए वाले उत्तर दियो । "हिजो बेलुका आउँदा नै बताइदिएको थिएँ । त्यसैले त गए राति उनीहरूले प्रत्येक परिवारलाई आ–आ४नो अन्न लुकाउन भनेका थिए ।" उसले गर्वसाथ यति भनी रातो फित्ता भएको भाला उठाएर खोरबाट भेडा निकाल्यो र त्यहाँबाट हिंड्यो ।

उता गाउँमा धेरै हलचल थियो । मानिसहरू गहुँ पिनिरहेका थिए र बोरामा पिठो भरिरहेका थिए । यहाँसम्म कि बच्चाहरू पनि अन्न पहाडमा लगी सुरक्षित स्थानमा लुकाउनको लागि ठूला मान्छेहरूलाई सहयोग गरिरहेका थिए ।

हाए वाले आफ्नो कोर्रा हल्लाउँदै गीत गाउन लाग्यो :

*जापानी राक्षस आए खतम गर्न*
*सारा खाना खाई, लगे सबै अन्न*
*हाम्रो घर जलाइदिए*
*बुढा बाको चिलिम फोरिदिए........*



गाउँको छेउमा भएको ठूलो बरको रूखमा राखिएको घण्ट बजिरहेको थियो । घण्ट बजाइरहेका गाउँका नेताले चिच्याए : "शत्रुहरू आइरहेका छन् ! मिलेसियाका सदस्यहरूले आ–आफ्नो बन्दुक एवम् भालाहरू समात, माइन तथा हातेबमहरू समात्नु र तत्काल बरको रूखमुनि एकत्रित होऊ ! बाल, वृद्ध एवम् बिरामीहरू पहिले पहाडमा जानू ! धागो कात्ने काम बन्द गर, प्रत्येक वस्तु यथास्थानमा सुरक्षित छोडी तत्काल गाउँ छोड्न तयार होऊ !"

क्षणभरमै मिलेसियाहरू बरको रूखमुनि जम्मा भए । गाउँको नेताले हाए वालाई पहाडमा गएर निगरानी राख्न भने । उनले भने, "तिमी हाम्रो गाउँको आँखा हौ । गद्दारसँग सावधान रहनु, कतै तिमीलाई तिनीहरूले नसमातुन् ! लौ यो हातेबम लैजाऊ !"

हाए वाले हातेबम जाकेटभित्र पेटीमा घुसाऱ्यो र फेरि गाउन थाल्यो :

*जापानी राक्षस फेरि आए 'नष्ट गर्न'*
*अवश्यै उसको हातमा लाग्नेछन् केवल विष्फोटन्*
*बम पड्कनेछन् ज्वारभाटा सरी*
*माइन फुट्नेछन् जमिनमुनिबाट छाल सरी*
*बौलाएर पिसावदानीमा लात्ती हान्नेछन्*
*माइन नै पड्काउने डोरी तान्नेछन्*

हाए वा गीत गाउँदै गाउँको पछाडि पर्ने लुङ्मन डाँडातर्फ उकालो लाग्यो ।



❖



# संकेत वृक्ष

डाँडाको टाकुरामा पुगेपछि हाए वाले कोर्रा पेटीमा घुसारेर एउटा सानो रूखमुनि टुक्रुक्क बस्यो ।

रूख नाङ्गो थियो । त्यसमा एउटा पनि पात थिएन । गहुँ काटिसकिएको थियो । खेतमा भएका अन्य हिउँदे बाली पनि पाकिसकेका थिए तर त्यस रूखमा अझै एउटा पनि आँकुरा पलाएको थिएन जसले उसलाई न त वर्षाबाट न त घामबाट नै बचाउन सक्दथ्यो । तर पनि हाए वा यस रूखमुनि दिनभर बस्यो । टुक्रुक्क बसी हातले आँखामा छाया पारी टाढा मैदानमा घुरेर हेरिरह्यो ।

टाढा एउटा सानो नदी बगिरहेको थियो जुन सर्पजस्तो देखिएको थियो । त्यस नदी पारी एउटा रेलमार्ग फैलिएको थियो । उसले रेल मार्गको किनारमा धेरै खैरा टाटाहरू देख्यो जुन माटोको थुप्रा जस्ता लाग्दथे । एक पटक बा'ले हाए वालाई भनेका थिए कि यी खैरा दागहरू जापानी आक्रमणकारीको गढ हो । उनले त्यस गढ यति ठूलो हुन्छ कि त्यसमा ४०/५० जापानी राक्षस सजिलै अटाउने कुरा पनि बताएका थिए । उसको बा त्यहाँ प्रायः जसो फलाम खरिद गर्न जान्थे तर हाए वालाई कहिल्यै पनि लैजाँदैनथे । त्यसैले हाए वा ज्यादै खिन्न हुन्थ्यो ।

सुदुर पश्चिमी पहाडतिरबाट तोपहरू पड्केको एकाध आवाज आइरहेको थियो । हाए वाले सोच्न थाल्यो, "दुश्मनले थाएहाङ पहाडको हाम्रो आधार क्षेत्रमा

'नष्ट' गरिरहेको छ । दुश्मनहरू ! तिमीहरू हाम्रो अग्र भागमा, आधार क्षेत्रको केन्द्रमा हाम्रा जनताको अन्न लुट्न गएका छौ, तर तिमीहरू कदापी जीवित फर्केर आउन सक्नेछैनौ । हामी जसरी भए पनि तिमीहरूलाई मार्नेछौं ।"

मैदानमा अझसम्म पनि सन्नाटा छाएको थियो । हावाले रूखका पातहरू फरफराएकोसम्म पनि सुनिएको थिएन ।

"हओचओ गाउँको त्यो गोठालो केटा आज कहाँ गएछ ? अरू केटाहरू किन आएन छन् ?"

हाए वाले आफूसँग भएको खाने कुरा सबै खाइसक्यो, जति गीत उसले जान्दथ्यो त्यो पनि गाइसक्यो तर पनि आज तल मैदानमा कुनै हलचल देखिएन ।

हाए वा त्यस सानो रूखको फेदमा टुक्रुक्क बसिरह्यो र पहिलेभन्दा बढी सचेत भएर मैदानर्फ हेर्न थाल्यो । अन्तमा, खैरो माटोको थुप्रोबाट काला दागहरूको ताँती निस्केको देखियो ।

"यो के चीज हुन सक्छ ?"

हाए वाले आँखा मिच्यो र ती काला दागहरू कमिलाको लामो ताँती समान घिस्रँदै लुङमन पहाडतिर आइरहेको देख्यो ।



"ए ! दुश्मन आफ्नो किल्लाबाट बाहिर निस्किरहेका छन् ! यतातर्फ एउटा लामो ताँती अर्कोतिर एक ताँती र त्यसपछि फेरि अर्को लामो ताँती !"

हाए वाले एकै झड्कामा रूखलाई ढलाइदियो ।

वास्तवमा यो रूख त्यस स्थानमा उम्रिएको थिएन, यसलाई त पहाडको पत्थरबीच ठड्याइएको थियो । लुङमन गाउँका मान्छेहरू यसलाई 'संकेत वृक्ष' भन्दथे । पूरै गाउँ एवम्




पश्चिमी पहाडमा बस्नेहरूले त्यस ठाउँलाई प्रष्ट देख्न सक्ने भएकोले त्यहाँ सो रूखलाई ठड्याइएको थियो । जब रूख ढल्दछ, तब शत्रु त्यहाँ चाँडै नै पुग्ने कुरा उनीहरूले बुझ्दथे ।

लुङ्मन गाउँको घण्ट बज्न थाल्यो र गाउँलेहरू आफूसँग जे जति लान सक्दथे सो लिएर पहाडतर्फ दौडे । मिलेसिया पनि बन्दुकहरू लिएर पहाडतिर गए ।

केही निमेषमै सबै काम भयो । घण्ट बज्न बन्द भयो र गाउँ पनि खाली भयो ।

❖



# छापामारहरूको चिट्ठी

हाए वाले एक जना पहाडको टाकुरातर्फ चढेको देखेर चनाखो भयो । त्यस व्यक्तिको दृष्टि पहाडको टाकुरोमा थियो । यो बाटोमा गाउँलेहरू ज्यादै कम हिंड्दथे, तिनीहरू मात्र यो बाटो हिंड्दथे जसले भेडा चराउन वा दाउरा जम्मा गर्नुछ । हाए वालाई शङ्का लाग्यो कतै यो व्यक्ति गद्दार त होइन ?

उसले तुरून्त भेडाहरू धपाएर झाडीभित्र लुकायो ।

हाए वा त्यस पत्थरको पछाडि झाडीमा लुकेर चनाखो भई त्यस व्यक्तिलाई हेर्न लाग्यो । उसले आफ्नो पेटीबाट हातेबम निकाल्यो ।

पहाडको टाकुरामा पुग्नासाथ त्यस व्यक्तिले बोलायो, "हाए वा !"

जब हाए वाले उत्तर दिएन, तब उसले फेरि बोलायो, "हाए वा ! ... ओ.... हाए वा... !

अब हाए वाले आफ्नो बा'को आवाजलाई चिन्यो । हो, उनी बा' नै थिए, जो मैदानबाट आएका थिए । उनको काँधमा बन्दुक झुण्डिएको थियो ।

हाए वा खुशीले चिल्लायो "बाबा !"

"तँ कहाँ छस् ?"

"यता छु !"

हाए वा झाडीबाट निस्कियो । उसको टाउको सुकेका पातहरूले ढाकिएको थियो ।

हाए वालाई यो रूपमा देखेर बा रिसाएर गाली गर्न लागे, "के यसलाई पहरा दिनु भनिन्छ ? दुश्मनको सेना आइरहेका छन् तँ भने यता उता डुलिरहेको छस् !"

"मैले तिनीहरूलाई पहिल्यै देखिसकेको छु !" हाए वाले जवाफ दियो र जमिनमा लडिरहेको रूखलाई देखाउँदै भन्यो, "हेर्नुस् ! यदि मैले राम्रोसँग पहरा नदिएको भए यो संकेत कसरी दिन्थें ?"

"तर तँ त्यहाँ किन लुकेको थिइस् ?"

हाए वा ज्यादै दुःखी देखियो । उसले हातेबमलाई समाएर ठुस्किएर बोल्यो, "मैले त्यो तपाईं हुनुहुन्छ भनी कसरी चिन्ने ? सोच्नुस् त तपाईंको ठाउँमा कुनै गद्दार भए, त मैले के गर्ने थिएँ ?"

"तँ मा सतर्कताको भावना ज्यादै तेज छ !" उसको बा'ले हाँस्दै भने, "तर झाडीभित्र लुकेर तैंले हातेबम कसरी फ्याँक्ने थिइस् ? गद्दारलाई समात्न झाडीबाट उफ्रेर बाहिर कसरी निस्कने थिइस् ? र जब आफ्नो लागि कुनै बाटो तयार नराखी लडाईंपछि कसरी भाग्नेथिइस् ? .... हाहा ..... !"

बाबु छोरा दुवै हाँस्न थाले । उनले छोराको टाउकोमा बिस्तारै हात चलाउँदै भने, "दुश्मनसँग लड्न हामीहरू सँधै पूर्णरूपले तयार रहनु पर्छ । अपूर्ण तयारीले काम चल्दैन ।"

बाले आफ्नो भित्री पकेटबाट एउटा चिट्ठी निकाले । यो देखेर उसको मन खुशीले नाच्यो, उसको आँखा चम्किन थाल्यो, "प्वाँख भएको चिट्ठी !"

यो साँच्चिकै प्वाँख भएको चिट्ठी थियो, किनभने यसको खाममा कुखुराको तीनवटा प्वाँखको छाप थियो ! यो मैदानमा भएका छापामारहरूको चिट्ठी थियो । हाए वालाई थाहा थियो कि एउटा प्वाँखको अर्थ 'जरूरी', दुई वटा प्वाँखको अर्थ 'अति जरूरी' र तीन वटा प्वाँखको अर्थ 'विशेष जरूरी' । यो बताइरहनु पर्ने थिएन कि त्यो चिट्ठी कति महत्त्वपूर्ण छ ।

हाए वा चिट्ठी लिन हतारिएको थियो, तर उसको बा ऊ भन्दा पनि बढी हतारिएका थिए । हाए वाले जब हात अगाडि बढायो, उसको बा'ले भने, "सामवाङ गाउँको संयुक्त कमान हेड क्वार्टरतिर तुरून्त जाऊ र यो चिट्ठी कम्पनी कमाण्डर चाङको हातमा पुऱ्याऊ !"

"कम्पनी कमाण्डर चाङ ! के उनी त्यही रात्री बाघ कम्पनीका नेता हैनन् ?"

"हो !" उसको बाले जवाफ दिए, "उनी तिनै हुन् जसले त्यो लडाईंको नेतृत्व गरेका थिए जसमा हामीले दुश्मनहरूको गढलाई तहस नहस पारी रेलवे स्टेशनलाई जलाएर खरानी पारिदिएका थियौं ।"

"चिठ्ठीमा के लेखेको छ जो यति अत्यावश्यक छ ? के फेरि ठूलो लडाईं हुनेवाला छ ?"

"फेरि तँ यस्तो कुराको सोधखोज गरिरहेछस् ?" बाले औंला ठड्याएर भने, "फौजी महत्त्वका गुप्त कुराहरू भन्नु हुँदैन । जेहोस् ..." बाले केही क्षण आँखा बन्द गरे र भन्न लागे, "मुख्य कुरा के हो भने यो चिठ्ठी हराउनु हुँदैन, यसका बारेमा कुनै चर्चा गर्नु पनि हुँदैन र यसलाई पुऱ्याउन ढिला पनि गर्नु हुँदैन !"

"मलाई यो सब थाहा छ, बताइरहनु आवश्यक छैन ।" हाए वाले आफ्नो टोपीलाई अलिकता अगाडि तान्यो, आँखा मिच्यो र भन्यो, "जेहोस् रात्री बाघ कम्पनीले जब कार्यवाही शुरू गर्दछ, तब हेरौं के हुन्छ ?"

हाए वाले बेस्करी सिठ्ठी बजायो र भेडाहरू झाडीबाट निस्के र उसको वरिपरि जम्मा भए ।

हाए वाले कोर्रा बा'लाई दिंदै भन्यो, "लिनुस्, तपाईंले यी भेडाहरूलाई सम्भाल्नुस् र यो प्रहरी चौकी पनि तपाईंले नै सम्भाल्नु पर्छ ।"

बा'ले कोर्रा लिएनन् । उनले भने, "भेडाहरू पनि तैंले सँगै लिएर गएमा राम्रो हुन्छ । बाटोमा सतर्कता अपनाउनु । यतिबेला दुश्मन आक्रमणमा छन् । उनीहरू धेरै बाटोबाट पहाडमा आएका छन्, बाटोमा कठिनाइ हुनेछ । यदि तँ दुश्मनसँग टकराएमा, यति मात्र भन्नु कि तँ मैदानको एउटा गोठालो होस् ।



यो अचम्मको कुरा थियो । उसले भेडासँगै लगेर चिठ्ठी पुऱ्याउन हिंड्यो । हाए वाको लागि चिठ्ठी पुऱ्याउने काम नयाँ थिएन । तर उसले पहिले चिठ्ठी पुऱ्याउँदा लाल फित्ता भएको भाला लिएर पुरा शक्ति लागाई दौडन्थ्यो । यस पटक उसले भेडाको बथान सहित चिठ्ठी पुऱ्याउनु थियो । हाए वा आफ्नो लक्ष्यमा कहिले पुग्ने भन्ने सोचमा पऱ्यो ।

बाले भने, "चिठ्ठी भोली सूर्यास्त हुनु अगावै पुग्नुपर्छ । बुझिस् त ? भोली ! र यता सुन्, यसलाई नहराउनु !"

"भला चिठ्ठी कसरी हराउन सक्छ ? बा, तपाईं कत्ति पनि चिन्ता नगर्नुस्, मेरो ज्यान जाला तर चिठ्ठी हराउने छैन ।"


ठीक त्यसैबेला पहाडको फेदीमा मेशीनगन चल्न थाल्यो । गोली उनीहरूको टाउकोमाथिबाट साँय–साँय गर्दै जान थाल्यो । बाले भने, "आक्रमणकारी आफूहरू आएको सूचना दिंदैछन् त्यसैले हामी हिंड्नु पर्दछ ।" उनले खल्तीबाट एउटा पोलेको शखरखण्ड दिंदै भन्न लागे, "बाटोमा भोक लाग्दा खानु । कुनै कुरा भन्न बाँकी भए सम्झेर भन्नु !"

"केही छैन !" हाए वाले उत्तर दिएर भेडा दौडाउन थाल्यो । तर बा'ले उसलाई रोकेर सोधे, "यो के हो ?" उनले हाए वाको टोपी, जो आठौं मार्ग सेनाको जस्तो देखिन्थ्यो लाई निकालेर भने, "यो टोपी लगाएर र हातेबम लिएर गएमा तँ मैदानको गोठालो भनेर कसले विश्वास गर्ला ? हा...हा.... शत्रुसँग मुकाबिला गर्न चिसो दिमागले काम गर्नु पर्दछ, वीरता एवम् सतर्कता अपनाउनु पर्दछ । यस पटक तँ काग उडे जस्तो गरी सोझै सानवाङ गाउँमा पुग्न सक्दैनस् .... ।"

"हो म बुझ्दछु," हाए वाले उत्तर दिएर ठूलो जोशका साथ त्यहाँबाट हिंड्यो ।

हाए वाको टोपी र हातेबम उठाएर हातमा रातो फित्ता भएको भाला बोकी बा जङ्गलतर्फ रवाना भए ।

❖



# बुढी भेडीको पुच्छर

हाए वा आफ्नो भेडाहरू छोटो बाटोबाट दौडाइरहेको थियो ।

लुङमनबाट सानवाङ गाउँ पुग्न मुलबाटोबाट गएमा १० माइल हिड्नु पर्ने ठाउमा यो पहाडी छोटो बाटो जम्मा ७ माइल मात्र थियो । हाए वाले यो बाटोबाट कैयौं पटक रातको अँधेरोमा हेडक्वार्टरमा चिठ्ठी पुऱ्याएको थियो ।




पश्चिमी पहाडको 'संकेत वृक्ष' देखिइरहेको थियो । सूर्य अस्ताउन लागेकोले वादल रातो भएको थियो र यस्तो लाग्दथ्यो मानौ कुनै चौकीदारले हाए वालाई त्यहाँ सबै चीज ठीक भएको कुरा बताइरहेको छ ।

तर जब हाए वा पहाड चढिरहेको थियो, अचानक 'संकेत वृक्ष' गायब भयो ।

आपत आइलाग्यो ! हाए वाले सोच्यो पहाडको अर्को तर्फ अवश्य पनि जापानी हुनुपर्दछ । यस्तो अप्ठेरो परिस्थितिमा कसैले पहाड नाघेर चिट्ठी र आफू समेत दुश्मनको कब्जामा जानी जानी पर्न जान्छ ? यस्तो मूर्ख संसारमा कतै हुन्छ ? उसले आफ्नो भेडा तत्काल पहाडको फेदीमा एकत्रित पाऱ्यो र ताछ्वानखओतिर हिंड्यो । उसले सोच्यो, "अब म छोटो बाटोबाट जान सक्दिन, त्यसैले मैले लामो बाटो रोज्नु पर्दछ । यसरी म सोझै सानवाङ गाउँमा पस्न सक्दछु । त्यहाँबाट निस्केर उत्तरतिर गएँ भने पश्चिमी पहाडको दुश्मनको पछाडि निस्कन्छु .... तिमीहरू अगाडि जाऊ म तिमीहरूको पछिपछि आउँछु यस्तै गर्नु पर्दछ ।"

हाए वाले दुई घुम्ती काट्यो र ताछ्वानखओ भिरको नजिक पुग्यो । उसले त्यस भिर पछाडिबाट मान्छे एवम् घोडाहरूको लस्कर आइरहेको देख्यो ।



के आठौं मार्ग सेना होलान् ? शायद होइन ! उसले ध्यानपूर्वक आँखा गाडेर हेर्दा खाली टोकरीहरू लिएर आएको घोडाको एउटा पंक्ति देख्यो । यो स्पष्ट भयो कि तिनीहरू अन्न लुट्न आएका जापानी सैनिक थिए ।

हाए वाले सोच्यो, "अब के गर्ने ? पश्चिमी पहाडमा, लुङमन पहाडमा जापानी थिए र यहाँ ताछ्वानखओको भीरमा पनि जापानी छन् !"

"के म दुश्मनबाट जोगिएर निस्कौंला ?" हाए वाले सोच्यो । तर दुवैतर्फ भीर थियो, ऊ भेडा लिएर माथि चढ्न सक्दैन थियो ।

ऊ आफ्नो बाटो हिंडिरह्यो भने ? तर उसको साथमा छापामार गुरिल्लाहरूको चिठ्ठी थियो जसलाई उसले आठौं मार्ग सेनासम्म जसरी पनि पुऱ्याउनु पर्दथ्यो ।

"के यो चिठ्ठी फालिदिउँ ? हुँदैन, उसले कहिल्यै त्यसो गर्नेछैन । यदि यो 'तीन प्वाँख' भएको चिठ्ठी नपुऱ्याएमा छापामारहरूको सारा योजना असफल हुनेछ ।"

हाए वाले हतार हतार चिठ्ठी ढुङ्गामुनि लुकायो । तर फेरि निकालेर सोच्न थाल्यो : "मैले यसो गर्न हुँदैन । यहाँ प्रत्येक ठाउँमा यस्तै ढुङ्गाहरू छन् भने रातमा मैले चिठ्ठी कसरी खोज्न सक्ने छु र !"

जापानीहरू नजिक आइरहेका थिए । उनीहरूको बुटको आवाज प्रष्ट एवम् चर्कोसँग सुनिदै आएको थियो ।

हाए वा साँच्चिकै चिन्तित भयो ।

तर भेडाहरू भने विल्कुलै चिन्तामुक्त थिए । तिनीहरू दौडिरहेका थिए, पुच्छर हल्लाउँदै घाँसमा चरिरहेका थिए ।

भेडाहरूको ठूलो पुच्छर देखेर हाए वाको मनमा एउटा विचार आयो । उसले अगुवा भेडीको सिङ समात्यो त्यसको पुच्छरको केही लामो रौं तानेर निकाल्यो र त्यसलाई बाटेर मजबूत धागो बनाई चिठ्ठीलाई भेडाको पुच्छरको तल बाँधिदियो । अब चिठ्ठी सुरक्षित साथ पुऱ्याउन सकिने भएकाले हाए वाले बल्ल सन्तोषको सास फेऱ्यो ।

बुढी भेडी पुच्छरमा चिठ्ठी भएकाले अप्ठेरो मानी गह्रौं पुच्छर दबाउँदै दौडियो । उ जति दौडन्थ्यो, त्यति नै बढी पुच्छर पनि दबाउँथ्यो । यसरी चिठ्ठी अझ बढी सुरक्षित भयो ।

अब डराउनु पर्ने कुनै कुरा थिएन । हाए वाले जानी जानी आफ्नो कोर्रा बढी चाँडो चलाउँदै भेडालाई सोझै दुश्मन भएतर्फ दौडाउन थाल्यो । भेडाहरू दौडिरहेका थिए । केही जापानीहरू अतालिएर लड्नबाट बल्ल बल्ल बचे । "हल्ट !" शत्रुतिरबाट एक जनाले चिच्यायो । उसले आफ्नो बन्दुक हाए वातर्फ सोझ्याएको थियो ।



ठीक छ । हाए वा रोकियो । उसले यो चाहन्थ्यो कि उसलाई शत्रुको सेना तथा बन्दुकको संख्या एवम् अफिसरहरूको संख्या अनुमान लगाउने अवसर मिलोस् । जसले गर्दा उसले सबै सूचना कम्पनी कमाण्डर चाङलाई दिन सक्नेछ ।

हाए वाले शत्रुतिर आँखा गाडेर हेर्‍यो ।

अगुवा भेडीलाई बीचमा पारी भेडाहरू पनि एक ठाउँमा जम्मा हुन लागे ।



# पोलेको शखरखण्ड

एउटा कालो कपडा लगाएको कठपूतली सिपाही अगाडि बढेर हाए वाको गर्दन समात्यो र धक्का दिंदै उसलाई पहेंलो कपडा लगाएको एउटा जापानी अफिसरकहाँ लग्यो ।

जापानी अफिसरको कम्मरमा एउटा ठूलो तरवार झुण्डिएको थियो । उसको प्याजको डल्लो जस्तो ठूलो नाक मुनि प्याजको जरा जस्तो छोटो जुँगा थियो ।

"तँ ...... आठौं मार्ग सेनाको स्काउट !" हाए वालाई तिखो नजरले हेर्दै ऊ गर्जियो । उसका सुनले बाँधेका दुई वटा ठूला ठूला दाँतहरू देखिए । उसको कालो भद्दा ओंठले त्यसको अनुहार अझ बढी घृणित देखिएको थियो ।

तर हाए वा कत्ति पनि डराएन । ऊ जानी जानी बुद्धु जस्तै बन्यो । आफ्नो गर्दन अलिकता बङ्ग्याएर मुख 'आँ' गरी जापानीलाई यसरी हेर्न थाल्यो मानौं उसले कुनै कुरा बुझेकै छैन ।

"तँ किन बोल्दैनस् हरामज्यादा !" त्यो कालो कपडा लगाएको कठपूतली सिपाहीले चिच्यायो, "उहाँले सोध्नुभएको छ तँ आठौं मार्ग सेनाको स्काउट होस् !" उसले राइफलको कुन्दाले हाए वालाई बेस्करी हिर्कायो ।

जापानी भाडाका टट्टुहरू कतिसम्म लाज पचाएर दुश्मनलाई आफ्ना टाउकामा टेकाएका थिए । हाए वाले चिच्याएर गाली गर्न चाहन्थ्यो, 'कुकुरहरू', तर

जब चिट्ठीको सम्झना भयो तब उसले आफूलाई त्यसो गर्नबाट रोक्यो र भन्यो, "होइन, म त गोठालो हुँ ।"

प्याजको जराजस्तो जुङ्गा भएको जापानीले आफ्नो तरवार निकालेर हाए वाको गर्दनमा राख्यो र धम्क्यायो, "यदि तैंले साँचो कुरा नभने तेरो टाउको शरीरबाट अलग गरिदिन्छु ।"

त्यो 'कालो कुकुर' पनि आफ्नो मालिकलाई अनुशरण गर्दै उसलाई लात हान्न थाल्यो । हाए वालाई कुटिसकेपछि मुख बाङ्गो पारेर गर्जियो, "यदि तैंले सत्य कुरा बताइनस् भने, म तँलाई कुटी कुटी मार्छु !"

"म एउटा गोठालो हुँ, हओचओ गाउँको गोठालो !" हाए वाले आफ्नो कुरामा अड्डी लिइराख्यो ।

हाए वाले रोएको नाटक गर्न थाल्यो तर उसले रोइरहँदा लुकेर दुश्मनको सैनिकहरूको गन्ती गऱ्यो जसमा कालो कपडा लगाएको कठपूतलीहरू एवम् पहेंलो कपडा लगाएका जापानीहरू दुवै थिए । हाए वाको चित्कारले त्यो जुँगे जापानी रिसायो, अझै रिसायो र हाए वाको खानतलासी लिने आदेश दियो । मुख बाङ्गो भएको 'कालो कुकुर'ले हाए वाको तलासी लिन थाल्यो । अन्तमा, उसले फाटेको जुत्ता समेत खोल्न लगाएर त्यसलाई पनि ओल्टाइ पल्टाइ हेर्न थाल्यो ।



त्यसले हाए वाको साथबाट उसको बा'ले दिएको पोलेको शखरखण्ड बाहेक केही भेटेन ।

मुख बाङ्गो 'कुकुर'को आँखा उक्त शखरखण्ड माथि पऱ्यो । त्यसले उक्त सुगन्धित शखरखण्ड खोसेर खानै लाग्दा जुँगे जापानीले खोसेर लियो ।

"वाह ! कति राम्रो चीज हो यो ?" जापानी अफिसरले त्यसको हातबाट शखरखण्ड खोसेर आफ्नो प्याजजस्तो नाकले सुघ्न थाल्यो र खुब स्वाद लिंदै खान थाल्यो । "मीठो, अति मीठो !" उसले भन्यो । "यो पहाडमा यस्तो मीठो चीज ! शाही फौजले चाँडै नै त्यहाँ कब्जा गर्ने छ र शखरखण्ड लिनेछ !"

"तर शखरखण्ड पहाडमा पाइँदैन ।" कालो कुकुरले जापानीलाई भन्यो । "जेहोस् हामी कहाँ कब्जा गर्न जाँदैछौं ? मैदानमा हामीलाई धेरै शखरखण्ड मिल्न सक्दछ ।"

हाए वा बीचमै बोल्यो, "यो पोलेको शखरखण्ड हो । यसको स्वाद मीठो हुन्छ । जब म भेडा चराउन पहाडमा जान्छु, साथमा सधैं पोलेको शखरखण्ड लैजान्छु ... । बस, दाउरामा आगो लगायो शखरखण्ड त्यसमाथि राख्यो, त्यो पाकी हाल्छ ।" उसले बनाएको यो कथाले यस्तो लाग्दथ्यो कि ऊ साँच्चिकै हओचओ गाउँको गोठालो हो ।

छोटो जुँगेले खुब स्वाद लिएर शखरखण्ड खायो । अब उसले आफ्नो ओँठमा ज्यादै घिनलाग्दो किसिमले जिब्रोले चाट्न थाल्यो । र, उसले आफ्नो सानो आँखा चम्काउँदै सुनको दाँत देखाएर सोध्यो, "तँ के काम गर्दछस् ?"

हाए वाले जापानी अफिसरको उद्देश्य के हो भन्ने बुझ्यो । उसले यस विषयमा पहिले नै केही भन्न चाहन्थ्यो, त्यसैले तत्काल जवाफ दियो, "मेरो नागरीय काम .... भेडा पालन गर्नु" उसले जापानीले जस्तै टुटे फुटेको चिनियाँमा बोल्यो ।

" 'असल नागरिक'को आफ्नो परिचय पत्र देखा !"

"म केवल १४ वर्षको मात्र भएँ भने मसँग परिचयपत्र कसरी हुन सक्दछ ! यदि तपाईंको ममाथि विश्वास छैन भने हओचओ गाउँमा गएर मुखिया चओसँग सोध्नुस् । यी भेडाहरू उनैको हो ।"

तर पहाडमा गएर अन्न लुट्न हतार भएको जापानीहरूले त्यहाँ जाने समय कहाँ पाउनु । बाँकी रहेको शखरखण्ड हाए वालाई दिएर भन्यो, "यो पैंचो भयो ।"


"अवश्य !" हाए वाले जवाफ दियो, "धेरै दिउँला, बस हओचओ गाउँमा जानुस् । गाउँको मुखियाले धेरै शखरखण्ड उब्जाउँछन् र आजभोली त्यसलाई जम्मा गरिरहेका छन् ।"

"तैंले पनि" जापानीले अझ पनि शखरखण्डलाई देखाउँदै भन्यो, "शाही फौजलाई यसको उपहार दिनुपर्छ ! बुझिस् ?"

"मैले बुझें हजुर" हाए वाले भन्यो, "जब तपाईं फर्केर आउनुहुन्छ, त्यतिखेर म तपाईंलाई दुई टोकरी शखरखण्ड दिनेछु ।" उसले कति शखरखण्ड दिनेछ भन्ने कुरा हात फैलाएर बतायो । तर उसले मनमनै भन्यो, "तँ बचेर जिउँदो फर्कन सक्ने छैनस् । जब हाम्रो घेरामा पर्छस् तब तैंले माटो चाट्नु पर्नेछ !" ऊ हृदय खोलेर हाँस्न थाल्यो ।

छोटो जुँगे पनि हाँस्न थाल्यो । उसले हाए वाको शिर थपथपाएर भन्यो, "असल नागरिक ! शाही फौजको लागि राम्रो नागरिक ! अब जान सक्छस् ! हाए वा खुशी भएर भेडा दोडाएर जान लाग्यो ।

❖



# हाए वाको भेडा

हाए वाले आफ्नो कोर्रा पटका पड्केसरी चाँडो चलायो । ऊ भाग्न चाहन्थ्यो तर त्यसो गर्ने साहस गर्न नसकेकोले चाँडो चाँडो हिंडिरह्यो ।

"पख ! पख !" अचानक वाङ्गो मुख भएको 'कालो कुकुर' ऊ तर्फ दौडँदै चिच्यायो र अझ कठपुतली सिपाहीहरू पनि उसको पछि दौडिए । तिनीहरूले हाए वा नजिक पुगेर भेडाको बथानलाई रोकेर समात्न थाले ।

"के गरिरहेका छौ ?" हाए वाले चिन्तित भएर विरोध गऱ्यो ।

"के गरिरहेका छौ ? शाही फौजले अझसम्म खाना खाएको छैन । तेरो भेडाले कैयौं छाक टर्दछ ।" 'कालो कुकुर' दाँत देखाएर बोल्यो । उसले हाए वाबाट कोर्रा खोस्यो र भेडाहरूलाई भञ्ज्याङ्गतर्फ दौडाउन लाग्यो ।

यसले हाए वा विस्मयमा पऱ्यो । कतै त्यो चिठ्ठी जापानीको हातमा नपरोस् ! हाए वा अगाडि बढेर 'कालो कुकुर'लाई झम्ट्यो ।

"तँ के गर्दैछस् ?" हाए वा करायो र आफ्नो कोर्रा खोस्न लाग्यो । "भेडा मेरो मालिकको हो, गाउँको मुखियाको, मेरो कोर्रा दे ... ।"

"बदमास, हरामी ! के तँ मलाई निल्न चाहन्छस् ?" 'कालो कुकुर'ले भन्यो, "घर जा र भेडाहरू शाही फौजले लगेको कुरा आफ्नो मालिकलाई भनिदे । तँसँग कुनै मतलब छैन । जा !" 'कालो कुकुर' यति डराएको थियो कि कतै हाए वाले उसलाई टोक्ने वा पत्थरले हिर्काउने नगरोस् ।



"म जान्न ! मेरो कोर्रा देऊ ।" कोर्रा खोस्ने दाउमा उसले 'कालो कुकुर'को हात समात्यो । "भेडा मेरो मालिकको हो । यदि मैले भेडा हराएमा उनले मेरो छाला काढ्छन् ।"

कठपुतली सिपाहीले कुनै ध्यान दिएन । किनभने उसलाई थाहा थियो कि हाए वाको मालिक जमिन्दार चओ पनि ऊ जस्तै गद्दार हो र जापानीहरूको अगाडि रून्े कराउने गरिरहन्छ र यो फुच्चे गोठालाको छाला काढिनु वा नकाढिनुसँग उसको कुनै सरोकार थिएन । त्यसैले यस कुरामा ऊ बेस्करी हाँस्न थाल्यो ।

"हा ! हा ! हा !" कालो कपडा लगाएको कठपुतली सिपाही अट्टाहास गर्दै छालाको पेटीले भेडा धपाउन थाल्यो ।

हाए वा आफ्नो कोर्रा लिएर भएभरको शक्ति लगाएर 'कालो कुकुर'को पाखुरामा झुण्डियो ।

"भाग ! यदि मेरो रिस उठाउँछस् भने म तँलाई गोली ठोकिदिन्छु !" 'कालो कुकुर'ले कराउँदै हाए वालाई निर्दयतासाथ धक्का दिएर जमीनमा लडाइदियो र बन्दुक देखाएर धम्क्याउन लाग्यो । र, फेरि आफ्नै जस्तो गरी भेडा धपाउन थाल्यो ।

हाए वा भुइँमा बसेर रून लाग्यो । आफ्नो हातबाट भेडाहरू जान लागेकोले उसको मनमा चोट परेको थियो । ऊ यो भन्दा पनि उक्त चिठ्ठी गुम्ने कुरामा बढी दुःखी थियो । कोर्राको आवाज सुन्दा उसले आकाश पाताल घुमेको देख्दथ्यो र कोर्राको प्रत्येक चोट उसले आफ्नै मुटुमा लागेको महसुस गरिरहेको थियो । "हाए वा ! यस्तो महत्त्वपूर्ण चिठ्ठी तैंले कसरी दुश्मनको हातमा पर्न दिन सक्छस् ? त्यसलाई



हेडक्वार्टर पुऱ्याउनु पर्दछ । तँ बाल समूहको नेता पनि होस् ।" ऊ रून छोड्यो र सबै पीडालाई बिर्सेर उठ्यो ।

उसले दाँत किट्दै जापानी एवम् कठपुतलीहरूका पदचिन्हहरू हेर्दै हिंड्यो । उक्त चिट्ठी कतै खसेको हुन सक्ने आशङ्काले उसले हिंड्दै त्यस चिट्ठीलाई खोजिरहेको थियो । उसले चिट्ठी बाटोमा भेटेर सुटुक्क टिप्ने र मौका मिल्नासाथ सानवाङ गाउँमा पुऱ्याउने आशा गर्न थालेको थियो ।

तर चिट्ठी भुइँमा कतै खसेको थिएन । त्यो खस्न सक्दैनथ्यो । हाए वाले त्यस चिट्ठीलाई दुई वटा गाँठो पारेर भेडीको पुच्छरमा बाँधेको सम्झ्यो । तै पनि उसले जमीनमा चिट्ठी खसेको कल्पना गरिरहेको थियो !

हाए वा हिंडिरह्यो । उसले चिट्ठी छोड्न सक्दैनथ्यो । कुनै पनि हालतमा त्यो जापानीको हातमा पर्न हुँदैनथ्यो । उसले त्यो चिट्ठी जसरी भए पनि पाएर नै छाड्ने छ !

❖



# एक पहाडी गाउँमा

हाए वाले पिछा गरेको देखेर 'कले कुकुर' गला फोरेर चिच्यायो, "यदि तँ भाग्दैनस् भने भेडासँगै तँलाई पनि मारी दिउँला !"

अर्को कठपुतली सिपाही रूखो हाँसो हाँस्यो, "उसलाई आउन दे'न । हामी आफ्नो शाही फौजको अफिसरलाई भनौंला कि उसको लागि एक टुक्रा हड्डी फालिदिनुहोस् !"

दोस्रो कठपुतली सेना पनि हाए वालाई उल्लु बनाउन सामिल भयो, "हा ! हा ! हा !"


यी व्यङ्ग्य सुनेर हाए वाको आँखा क्रोधले बल्न लाग्यो । "ठीक छ, भेडाको मासु खाएर त हेर ! ल त यसलाई छोएर त देखोस् ।" हाए वाले दुई औंला ओंठभित्र राखेर दुई पटक सिट्ठी बजायो ।

त्यस सिट्ठीले भेडाहरू पछाडि फर्के र यता उता भाग्न थाले र कठपुतली सिपाहीले छालाको पेटीले कुट्न थालेपछि सोझै हाए वातर्फ दौडन थाल्यो ।

हाए वा भेडालाई भगाउन लगातार सिट्ठी बजाउँदै वाछ्वानखओतिर दौडन थाल्यो ।

अगुवा भेडी हाए वाको पछाडि दौड्यो र त्यसका पछाडि सबै भेडा भाग्न थाले भने कठपुतली सिपाही तिनको पछि चारैतिर तितरवितर भएर दौडन थाले ।





हाए वा अगुवा भेडालाई लिएर भाग्न चाहन्थ्यो यदि अरू भेडा दुश्मनको शिकार भए पनि सहन सक्दछु । अगुवा भेडा चाँडो चाँडो दौडन सके ! त्यसले पछाडि फर्केर आफ्नो बथानलाई न हेरे ! म बुझ्दछु, तँ उनीहरूको लागि चिन्तित छस् । म पनि त चिन्तित छु । दौड, दौड ! जब हामी सानवाङ गाउँमा पुग्दछौं, तब त्यहाँका मानिसहरूले दुश्मनसँग हाम्रो बदला अवश्यै लिनेछन् ।

सिपाहीहरू अब भेडाको साटो हाए वाको पछाडि दौडन लागे । लामो खुट्टा भएकोले 'कालो कुकुर'ले हाए वालाई समात्यो ।



उसले हाए वालाई घुस्सा मार्दै भन्यो, "हिंड, अफिसरको लागि भेडा धपा !"

"आहा ! क्या राम्रो विचार ! भेडा धपाउन यसैलाई लगाउनु पर्दछ । यसो भएमा हामी पनि थाकेर पसिना पसिना हुन पनि पर्दैन ।" दोस्रो कठपुतली सिपाहीले आफ्नो विचार व्यक्त गऱ्यो ।

डरले हो वा खुशी भएर हो, हाए वाको मुटुको धडकन बढ्न थाल्यो । उसले सोच्यो, "ठीकै छ, मलाई एउटा मौका मिलेको छ ।"

तर उसले देखावटी रूपमा अस्वीकार गऱ्यो, "नाइ, म यो काम गर्दिन ।"

वास्तवमा उसको मनले त जाने इच्छा गरेको थियो । जब कठपुतली सिपाहीले उसलाई थप्पड लगायो, ऊ बाध्य भएर भेडा धपाए जस्तो गरी दुश्मनको पछि पछि पहाडतर्फ हिंड्यो ।

"तैंले शाही फौजलाई बाटो देखाउनु बुझिस् ?" ठुटे जुँगेले सुनको दाँत देखाउँदै करायो ।

हाए वाले भन्यो, "बुझें" तर वास्तवमा उसले त्यसको कुरै सुनेको थिएन । ऊ मनमनै आफ्नो योजना बनाउन व्यस्त थियो ।

"हामीहरू चाँडै नै पहाडको टाकुरामा पुग्दछौं, दिन पनि बित्न लागिसक्यो । रात परेपछि चिट्ठी निकालेर भाग्दछु र पहाडमा गायब हुन्छु । तब दुश्मनले कसरी समात्न सक्दो रहेछ हेरौं ।"

चाँडै नै उनीहरू सानो गाउँमा पुगे । त्यहाँ जापानीहरू बास बस्ने तयारी गर्न लागे । हाए वा पनि आफ्नो भेडा सहित त्यहाँ अडियो । यस गाउँमा छ सात घर मात्र थिए र ती घरहरूमा पनि साँचो लागेको थियो । दुश्मन एक एक घरको साँचो फोरेर घरभित्र हेर्न लागे । त्यहाँ जे सुकै भेटे पनि हडप्ने तिनको दाउ थियो तर प्रत्येक घर खाली थियो, .... कुनै पनि चुल्होमा भाँडाहरू थिएनन्, कुनै पनि घरमा एउटा गुन्द्रीसम्म थिएन र कुनै घरबाट पनि एक दानासम्म चामल निस्केन । गाउँलेहरूले पहिले नै प्रत्येक वस्तु पहाडमा लगेर लुकाएका थिए । बस, आँगनमा परालको थुप्रो र कटेरा मात्र थियो ।

जापानीहरूले परालको थुप्रो र कटेरामा आगो लगाई दिए र घरका झ्याल ढोकाहरू उखेलेर आगोमा हाले । आगोको मुस्लो माथि माथिसम्म पुग्यो जसको प्रकाशले पहाडको टाकुरा पनि रातो देखियो ।

त्यसपछि, पश्चिम तथा दक्षिण दिशाको पहाडहरूमा पनि आगोको राँको देखिन थाल्यो । जापानीहरू ताली पिट्न थाले र हात उठाएर हल्ला गर्दै कराउन थाले । केही क्षणमा नै पश्चिम तथा दक्षिणबाट पनि त्यस्तै आवाज आउन थाल्यो ।

वास्तवमा जापानीहरू यी संकेतद्वारा सम्पर्क कायम गरिरहेका थिए र खुशीले दौडधुप गरिरहेका थिए । त्यसपछि उनीहरूले आफ्नो झण्डा फहराएर घाँटी सुक्ने गरी कराउन थाले । अब दुश्मनहरू तीनै पहाडमा तैनाथ थिए र भोलि उज्यालो हुनासाथ लुटपाट मच्चाउने तयारीमा थिए । जापानीहरू आफैमा यति मस्त भएका थिए कि उनीहरूले हाए वालाई समेत बिर्सिए । हाए वाले यस अवसरलाई हातबाट उम्कन दिएन । उसले अगुवा भेडीलाई समात्यो ।

❖

# अगुवा बुढी भेडी

"मुर्खहरू !" हाए वाले बुढी भेडीलाई छोएको मात्र के थियो जुँगे जापानी गर्जिएको सुन्यो ।

हाए वा हडबडायो, उसले टाउको घुमाएर हेर्‍यो, "मुर्खहरू हो !" जुँगे फेरि करायो तर उसले आफ्ना सिपाहीहरूलाई सम्बोधित गरिरहेको थियो हाए वा तर्फ



उसको संकेत थिएन । ऊ खुट्टा बजारेर करायो, "मिशीमिशी" यसको अर्थ थियो, "खाना खाओ", त्यसपछि जापानी एवम् कठपुतली सिपाहीहरूले भेडालाई झम्टे ।

हाए वाले बुढी भेडीलाई छोडेर जापानीहरू तर्फ कडा दृष्टिले हेर्न थाल्यो । तर तिनीहरूले यसको कुनै मतलब नगरी भेडाहरू समातिरहेका थिए । एउटा जापानीले एउटा सानो भेडाको पछाडिको खुट्टा समात्यो भने अर्कोले आफ्नो छालाको पेटी त्यसको घाँटीमा कसेर माऱ्यो । त्यस्तै अर्कोले आफ्नो तरवारले एउटा भेडीको टाउको छिनाल्यो ।

मुख बाङ्गे 'काले कुकुर'ले केही बेर यताउता हेऱ्यो र अगुवा भेडीको सिङ समात्यो ।

हाए वा डराएर काम्यो र झण्डै चिच्यायो ! उसको मूल्यवान चिट्ठी अब के हुन्छ ! के अब साँच्चिकै दुश्मनलाई उसको वास्तविकता पत्ता लाग्दछ ? यस संकटको समयमा पनि ऊ एकदमै शान्त रह्यो । यदि चिट्ठीको भेद खुलेमा उसले त्यसलाई लिएर भाग्नेछ, संगीनले पनि उसको मुख खोल्न सक्ने छैन ।

'काले कुकुर' बुढी भेडीलाई सिङमा समातेर तानिरहेको थियो तर उसले त्यसलाई चलाउनसम्म सकिरहेको थिएन । उसको निधारबाट पसिनाको धारा बगिरहेको थियो । उसले फेरी बल लगायो तर भेडीले खुट्टा यसरी अड्यायो मानो उसको खुट्टा जमिनभित्र गडेको छ । जापानीहरू यो देखेर हाँस्न थाले, यसले पूरा बल लगाइरह्यो तर बुढी भेडींलाई हल्लाउन पनि सकिरहेको थिएन । ऊ रिसाएर करायो, "तिमीहरू किन हाँसिरहेका छौ ? यसको ज्यानमा कम्तीमा पनि ३० चीन* भन्दा बढी मासु छ, अरू तीन वटा भेडाको भन्दा पनि बढी ! यसमा कति बल छ, साथीहरू सहयोग गर न ।"

तर कसैले पनि यसलाई सहयोग गरेनन् बरू उल्टै 'काले कुकुर' लाई उडाउन थाले । "हामी यस्तो बुढी भेंडी खाँदैंनौ । यसलाई आफ्नो आमाको लागि राख ।"

---

* एक चीन = ०.५ किलो ग्राम

हाए वाको मुटु ढुक ढुक गरिरहेको थियो । उसले तत्काल भन्यो, "यस्तो गरम मौसममा यत्ति बुढी भेंडीको मासु खान सकिदैन । यसको मासु ज्यादै चाम्रो र गन्ध आउने हुन्छ ।"

रिसाएर 'काले कुकुर'ले बुढी भेडीलाई एक लात्ता हान्यो र हाए वालाई भन्यो, "तैंले आफ्नो आमाको लागि राख !" ऊ बुढी भेडीलाई छोडेर अर्को भेडाको पछाडी दौड्यो ।

हाए वाले राहतको अनुभव गऱ्यो । तर उसले अझै पनि दाँतले ओंठ टोकिरहेको थियो र उसको शरीर तथा बेस्करी कसिएको मुठीबाट चिसो पसिना निस्किरहेको थियो ।

"अहिले धित मरून्जेल मेरो खिल्ली उडाओ । तर म अहिले केही बोल्दिन ।" हाए वाले मनमनै भन्यो, "तर एक दिन यसको सबै हिसाब चुक्ता गर्नु पर्नेछ । भेडाहरू बच्ने कुनै आशा छैन, त्यसैले म राती चिट्ठी लिएर भाग्छु ।"



भेडाहरूको दुर्दशा देखेर हाए वाको हृदय रोयो । आँगनको आगोको ज्वालामा जापानीहरूको संगीन चम्किरहेको थियो । केही जापानीहरू आफ्नो छुराले भेडाको छाला काढिरहेका थिए, कसैले भेडाको आन्द्रा भुँडी निकालिरहेका थिए । रगतले लतपतिएको टाउको र आन्द्रा भुँडी जताततै छरिएका थिए । त्यहाँको अवस्था देख्दा मानौं ब्वाँसाहरूले त्यहाँ धावा बोलेको जस्तो लाग्दथ्यो ।

हाए वाले एक पटक भोकाएको ब्वाँसाहरूको हुल देखेको थियो जसले भेडाहरूका बीचमा पसेर खान एकै सासमा भेडाहरूलाई सुनसान स्थानमा लगेको थियो । तर यिनीहरू त ती ब्वाँसा भन्दा पनि डरलाग्दा निस्के । यी दुई खुट्टा भएका राक्षसहरूले त मान्छे कै अगाडि यो खुनी काम गरे । हेर्दाहेर्दै करीब बीसवटा मात्र भेडा बाँकी रहे ।

बुढी भेडी हाए वासँगै टाँसिएर बसी । त्यसको आँखाबाट आँशु बग्न थाल्यो । हाए वा उसलाई नजिक तानेर हातले थपथपाउन बाहेक के गर्न सक्दथ्यो र ! अगुवा बुढी भेडीले कहिले रगतले रङ्गीएको भेडाहरूलाई त कहिले टल्किरहेको संगीनहरूलाई हेरिरही । उसले आफ्नो थुतुनो हाए वाको अनुहार नजिकै लगेर जोडी ।

"मेरो बुढी भेडी, म तिमीलाई छाडेर चाँडैनै जानु पर्दैछ !" हाए वाले बुढी भेडीको कानमा भन्यो, "म तिमीहरूको सुरक्षा गर्न सक्दिन, मैले एक्लै सूचना पुऱ्याउनु पर्दछ ।"

हाए वाको आँखाबाट आँशु बगिरहेको थियो । उसले भेडीलाई थपथपायो र त्यसको पुच्छर उठायो । चिट्ठी अहिले सम्म यथास्थानमै थियो ।

"यी राक्षसहरूको चाँडै नै अन्त्य हुनेछ ।" हाए वाले भेडीको पिठ मुसार्दै भन्यो ।

उसले चिट्ठी निकाल्नै लागेको थियो 'काले कुकुर' त्यहाँ आएर हाए वालाई सोध्यो, "के यहाँ कतै कुवा छ ?"

"यहाँ कुवा कहाँ हुनु ? यदि कुवा भए त गाउँलेहरू यहाँबाट किन अन्यत्र जान्थे ?" हाए वाले बुढी भेडीलाई चलाउँदै भन्यो ।

वास्तवमा गाउँको पछाडि एउटा कुवा थियो जहाँ हाए वा भेडाहरूलाई पानी खुवाउँथ्यो । तर उसले दुश्मनलाई किन बताउने ? कठपुतलीले भाँडाको बारेमा पनि

सोध्यो तर उनीहरूले एउटा पनि भेट्टाएनन् । हाए वाले सोच्यो 'भाँडा पनि छैन पानी पनि छैन, हेरौं यी डाँकाहरूले खाना कसरी बनाउँछन् । तर उसले यो सोचेन कि भेडालाई काटेर टुक्रा टुक्रा पारी आगोमा पोलेर खान सक्छन् ।

डढेको मासुको गन्ध हावामा फैलिरहेको थियो । यो गन्धले हाए वाको मुटु दुख्न थाल्यो । आखिर ती भेडाहरू उसको परिश्रमको फल थियो जुन उसैको आँखा अगाडि नै मारिँदै थिए र त्यसको मासु शत्रुहरूले खाइरहेका थिए । रगतले भिजेको भेडाको पछाडिको साँप्रो तिनीहरूले ब्वाँसाले जस्तै च्याती च्याती खाइरहेका थिए । तिनीहरूको मुख मासुको टुक्राले भरिएको थियो । 'कालो कुकुर'ले एउटा हड्डीको सबै मासु खाइसकेर हातले मुख पुछ्यो र हड्डी टिपेर हाए वालाई देखाउँदै भन्यो, "ए, भिखारी यता आइजा, ला यो तेरो लागि हो !"

हाए वाको हृदय काँप्यो । ऊ रिसाएर करायो, "म खान्न ।" ऊ एकापट्टि फर्केर बुढी भेडीसँग टाँसियो ।

"त्यसो भए तैंले खाँदैनस् ? यता आइज कुकुरको छाउरा, तँ यस पटक भागेर जान सक्दैनस् ।" त्यस 'काले कुकुर'ले ज्यादै दुःख दिएको थियो । आखिर हाए वा उठ्यो र आँगनतर्फ गयो । उसले बसेर दुश्मनले भेडाको मासु खाएको हेरिरह्यो ।

❖



# एउटा कोठाको कुनामा

कोचि कोचि मासु खाएपछि जापानीहरू डकारेर र बाँकी रहेको मासुलाई आ–आफ्नो पेटीमा बाँधेर पेट मिलाउँदै सुत्नको लागि गाउँतर्फ गए । केवल मुख बाङ्गे कुकुर मात्र अरूहरूसँग गएन । उसले हाए वालाई बाँकी रहेको भेडालाई धपाएर गाउँ पछाडिको बारमा लैजान आदेश दियो ।

हाए वाले भेडालाई बारभित्र बन्द गरेर ढोकामा ढुङ्गा राखिदियो र केही पराल टिपेर बारभित्रै उसले फिंजाउन लाग्यो ।

"तँ यहाँ के गरिरहेछस् ?" 'काले कुकुर'ले सोध्यो ।

"म सुत्न लागेको हुँ !"

"जा, गाउँमा गएर सुत ।" उसले यसो भनेर हाए वाको योजनामा पानी पोखिदियो ।

"तर भेडाको रेखदेख कसले गर्दछ ?" हाए वाले भन्यो, "पहाडमा धेरै ब्वाँसाहरू छन् ।"

"तर ..तर..." 'काले कुकुर' उसको कुराले तर्सियो, "हरामी, तेरो कुनै चाल चल्दैन । तँ भाग्न चाहन्छस्, किन, हैन ? हिंड !" उसले हाए वालाई समातेर गाउँतिर लग्यो ।

उसले हाए वालाई धकेलेर एउटा कुनामा लडाइदियो । कोठाको फोहर भूइँमा पराल बिछ्याइएको थियो र जापानी एवम् तिनका पिछलग्गुहरू राइफल समातेर

ऊतर्फ हेरिरहेका थिए । तिनीहरूले हाए वालाई गाह्रोतिर धकेली दिए । चाँडै नै उनीहरू घुर्न थाले, केवल ढोकामा बसेको चौकिदार मात्र अँध्यारोमा आँखा च्याती च्याती हेरिरहेको थियो ।

हाए वालाई निद्रँ लागेको थिएन । उसले सोच्न लाग्यो : "उज्यालो भएपछि भाग्न गाह्रो हुन्छ, उसले आज राती भाग्नुपर्छ ! तर कसरी भाग्ने ? ऊ त कुनामा परेको छ । 'प्वाँख भएको चिट्ठी'लाई के गर्ने, यदि दुश्मनहरूको हातमा पऱ्यो भने ? त्यसलाई पुऱ्याउन ढिला गर्नु हुँदैन ।"

हाए वाले आँखा खोल्यो र ढोकातिर चियाउन थाल्यो । चन्द्रमा चम्किरहेको थियो र त्यसको प्रकाश ढोकाको वरिपरि पनि आइरहेको थियो । रात धेरै बितिसकेको थियो । ढोकामा बसेको चौकिदारले खुट्टा फैलाएर बाटो छेकेको थियो । हाए वाले आँखा बन्द गऱ्यो र आँगनबाट आइरहेको घुरेको आवाजलाई सुन्न थाल्यो । पछाडि बारबाट घोडाले उग्राएको आवाज आइरहेको थियो । त्यहाँ पनि शत्रु सेना थिए ।

अचानक गाउँको गल्लीको छेउबाट कोही करायो "त्यता को छ ?" यसले हाए वालाई यो जानकारी भयो कि त्यहाँ पनि चौकिदार छ ।

"सइस !" भन्ने आवज आयो र उक्त चौकिदारले अरू केही सोधेन ।

हाए वा साँच्चिकै चिन्तित भयो । ऊ कसरी भाग्न सक्ला ? टाढा कतै कुखुरा बास्यो । चाँडै नै उज्यालो हुने वाला थियो ।

हाए वा उठेर बस्यो । चौकिदार गाह्रोको अडेस लगाएर झुलिरहेको थियो । राइफल काखमा राखेर त्यो निन्द्रँले उघिरहेको थियो ।

शत्रुहरू खाएर चारैतिर छरपस्टसँग सुतिरहेका थिए । एउटाको टाउको अर्कोको खुट्टामा र अर्कोको टाउको अर्कोको पेटमा थिए । 'काले कुकुर'को टाउको दुई जनाको हातहरूका बीचमा थियो । हाए वाले बाहिर निस्कने कुनै बाटो देखेन ।

तर हाए वा उठ्यो र खुट्टाको औंलाले 'काले कुकुर'को हात अलिकता हटायो र देब्रे खुट्टा टेकेर राम्रोसँग उभियो, फेरि दायाँ खुट्टाले दोस्रो व्यक्तिको खुट्टा हटायो । तर तेस्रो पाइला चाल्न उसलाई मुस्किल भयो । त्यहाँ छोटो जुँगे जापानी बेढङ्गसँग हात खुट्टा पसारेर घुरिरहेको थियो ।

ढोकाबाट उज्यालो आइरहेको थियो । छोटो जुँगे निद्राँमा घुरिरहेको थियो, हाए वाले अलिकता धुलो उठायो हातले मिचेर मसिनो बनायो र त्यसको जुँगामा राखिदियो ।



जापानीको घुराई रोकियो र नाक चल्न बन्द भयो । त्यसपछि अचानक दुई पटकसम्म बेस्करी हाछ्युँ गऱ्यो र चलमलायो ।



कतै उसको निद्रँ टुट्यो कि भनी हाए वा आत्तियो । तर छोटो जुँगेको आँखा अझै खुलेन । उसले नाक रगड्यो र अर्कोपट्टि फर्केर फेरि घुर्न थाल्यो । अब हाए वालाई खुट्टा राख्ने ठाउँ बन्यो । उसले छोटो जुँगेलाई फड्केर ढोकातर्फ गयो । त्यसैगरी हल्कासँग ऊ ढोकामा पुग्यो । चौकिदार अझै पनि निद्रँमा झुलिरहेको थियो । हाए वा बढी सावधानी पूर्वक कोठाबाट बाहिर निस्कियो र गाउँको बाटोमा पुगेको मात्र के थियो एउटा आवाज आयो, "त्यहाँ को हँ ?"



हाए वाले राती सुनेको आवाजको नक्कल गर्दै भन्यो, "सइस"

चौकिदार चुप भयो । हाए वा तबेलातिर जान लाग्यो मानौं ऊ साँच्चिकै सइस हो । उसले एउटा भत्केको पर्खाल नाघ्यो र गाउँ बाहिर

भेडा भएको ठाउँतर्फ गयो । हाए वालाई देखेर भेडाहरू कराउन थाले र चिसो थुतुनो उसको हातमा रगडन थाले ।

भेडाहरूलाई प्रेमपूर्वक सहलाउन हाए वासँग समय कहाँ हुनु । उसले बुढी भेडीलाई समात्यो र त्यसको पुच्छरबाट चिट्ठी निकाल्यो ।

अगुवा भेडीको घाँटीमा बाँधेको घण्टी बज्दा वातावरणमा उदाशी छायो । हाए वाले छ वर्षदेखि यी भेडाहरूको पालन पोषण गरिरहेको थियो तर आज तिनीहरूसँग उसको बिछोड हुँदै थियो । उसलाई ज्यादै पीडा भइरहेको थियो । तर जानु पनि जरूरी थियो । उसले चिट्ठी पाइन्टको गोजीमा राख्यो र पाइन्टको पेटी कसेर बाँध्यो र एकै सासमा ऊ गाउँको पछाडी पहाडतिर दौड्यो ।

❖



# सेतो भण्डा

हाए वा सानो खोल्सातिर दौड्यो । ऊ त्यस खोल्साको छेउमा पुग्दा पर कोही मान्छे कराइरहेकोले उसको हिंडाइमा कमी आयो ।

त्यस व्यक्तिले के भनिरहेको थियो हाए वाले राम्रोसँग बुझ्न सकेको थिएन तर उसले एउटा सेतो पतका(भण्डा) हल्लाइरहेको देख्यो । त्यो व्यक्तिले पतका कहिले टाउको माथि त कहिले दायाँ बायाँतर्फ हल्लाइरहेको थियो । हाए वाले त्यो व्यक्ति को हो भन्ने कुरा बुझ्न नसके पनि त्यसको कराउने ढङ्ग दुरूस्त अघिल्लो रातको जस्तै थियो ।

यो पक्कै पनि हिजो राति पश्मिची पहाडमा आगो लगाउने जापानी राक्षस हुनु पर्दछ, हाए वाले सोच्यो । त्यस व्यक्तिले पतका हल्लाउन छोड्यो । उसले हातमा केही वस्तु उठाएको थियो । त्यो अवश्यै पनि बन्दुक हुनु पर्दछ ।

हाए वा त्यो देखेर भयभित भएन । खोल्साको नजिकैको पहरा पछाडिबाट ऊ भाग्न सक्दथ्यो । तर ऊ भागेन । पहाडको वरिपरि कति दुश्मन छन् कसलाई के थाहा र ? बन्दुकको आवाजले सबैलाई चनाखो बनाइदिन्छ र उसको भाग्ने कार्य असफल हुनेछ ।

हाए वाले उसको सेतो कमिज उतार्‍यो र त्यसपछि त्यस व्यक्तिको नक्कल गरेर कहिले टाउको माथि त कहिले दायाँ बायाँतर्फ हल्लाउन थाल्यो ।

जापानीले आफ्नो बन्दुक तल झार्‍यो र हाए वालाई आफ्नै मान्छे जस्तो सोचेर पतका के उठाएको थियो कमिज हल्लाउँदै हाए वा पल्लो छेउमा पुग्यो र पूरा शक्ति लगाएर दौडन थाल्यो ।

हावा स्याइँ स्याइँ गर्दै उसको कानमा आवाज दिंदै जाँदै थियो । टाढा कतै कुखुरा बासिरहेको थियो । जङ्गलमा चराहरू उडिरहेका थिए, चहचहाइरहेका थिए तर हाए वा तिनीहरू भन्दा पनि खुशी थियो । ऊ यति खुशी थियो कि उसको शरीरमा पखेटा लागेजस्तै भएको थियो । ऊ त्यसको एक चक्कर लगाएर त्यस पहाडको फेदिमा पुग्यो र अर्को पहाड उक्लन थाल्यो ।

ऊ थाकेर स्याँ स्याँ गर्दै एउटा चट्टानमा बस्यो । "अब यति साह्रो दौडनु आवश्यक छैन" उसले सोच्यो । "सानवाङ पहाड उसैको अगाडि छ । तब ऊ चाँडैनै चिट्ठी सानवाङ गाउँमा पुर्‍याउनेछ ।"

खुशीले गर्दा उसले पसिना पुछ्ने फुर्सद पनि पाएको थिएन । चिट्ठीलाई स्पर्श गरेर ढुक्क हुन उसले हात पकेटमा राख्यो । तर अचानक उसको शरीरमा बिजुली दौड्यो । चिट्ठी गायब थियो ।



उसले फेरि पकेट टकटक्यायो, चिट्ठी साँच्चिकै गायब थियो । उठेर कमिज काडेर वल्टाइ पल्टाइ हेर्न थाल्यो उसले वरिपरि पहराहरूमा पनि खोज्यो तर चिट्ठी कहीं पनि पाएन ।

हाए वालाई चिट्ठी पकेटमा राखेको कुरा राम्रोसँग याद थियो । पकेटमा कुनै छिद्र पनि थिएन । आखिर चिट्ठी कहाँ गयो ?

यता उता केही नसोची ऊ भुइँमा राम्रोसँग हेर्दै पहाडको फेदीतर्फ ओरालो लाग्यो ।

तर उसले चिट्ठी कतै पाएन ।

हाए वा ज्यादै दुःखी भयो । उसले तमाम खतराहरूलाई बिर्सेर ऊ पहाड चढेर पहिलेको खोल्सातर्फ लाग्यो ।

त्यहाँ पुगेर उसको शरीरमा प्राण आयो । चिट्ठी उसले कमिज हल्लाएको ठाउँमा खसेको थियो । ऊ अहिले रमायो ।

उसको नजर मैदानमा पर्‍यो । त्यहाँ उसले धेरै मानिसहरू एकत्रित भएको देख्यो । त्यहाँ दुश्मनहरू जम्मा भइरहेका थिए ।

❖



# पुनः दुश्मनको फन्दामा

हाए वाले चिठ्ठी पकेटमा राखेको मात्र के थियो पछाडिबाट कसैले चिच्याएको सुन्यो ।

त्यो मुख बाङ्गे 'कालो कुकुर' थियो, जो पहाडको पल्लो छेउबाट हड्बडाउँदै ऊ तर्फ आइरहेको थियो । "तँ भाग्ने प्रयास गरिरहेको थिइस्, किन ? हरामज्यादा, म तेरो प्रँण निकाल्छु !" उसले गाली गर्‍यो ।

अब ढिला भैसकेको थियो, भाग्ने अवसर निस्किसकेको थियो । त्यसैले उसले शान्त स्वरमा जवाफ दियो, "भाग्ने कोशिस कसले गरेको छ ? मैले त आफ्नो भेडा खोजिरहेको छु ।" तर 'काले कुकुर'लाई यति सजिलै धोका दिन सकिंदैन थियो । उसले हाए वालाई बन्दुकको कुन्दाले बेस्करी कुट्यो ।

"तैंले कुन भेडा खोजिरहेको छस् ? तँलाई भेडा खोज्न कसले भन्यो ? तेरो भेडा कहाँ छ ?" ऊ रिसले दाँत टोक्दै हाए वालाई मुर्छा पर्ने गरी कुट्यो । हाए वा अगाडितर्फ झुकेर दुवै हातले पेट दवायो ।

"मैले अझसम्म भेडा भेटिन ।" हाए वाको पेट दुख्न थाल्यो, उसको टाउकोबाट पसिनाको धारा बग्न थाल्यो । उसले चिठ्ठी नखोसोस् भनी दुवै हातले पकेटमा जोरले दवाब दिइरह्यो । "आज बिहान जब भेडा भएको बारीमा पुगें त बारको ढोका खुल्ला थियो ।" हाए वाले भन्यो, "मैले भेडा खोज्न थालें । यदि भेडा भेटेको भए के म अझ पनि त्यसलाई खोजिरहन्थें ?"

"यो झुठ हो !" 'काले कुकुर' करायो, "तँ भाग्ने कोशिस गरिरहेको थिइस् । .... म तेरो प्राण लिन्छु !" उसले हाए वालाई निर्दयतासाथ यसरी पिट्न थाल्यो मानौ ऊ हाड मासुको मान्छे नभएर काठको पुत्ला हो ।

हाए वा काठको पुत्ला त थिएन, ऊ पीडाले चिच्यायो । रिस एवम् दुखाइले गर्दा पेट दवाएर करायो, "म किन भाग्ने ? यदि भाग्नु नै थियो भने म फेरि किन फर्केर आउँथें ? यसरी कुट्नु भन्दा त बरू मलाई मार् ! भेडा मेरो मालिक जमिन्दार चओको हो । भेडाहरू केही मारिइसके केही हराए । म उनलाई कसरी अनुहार देखाउँ ? अब मलाई कसले भेडा चराउने काम दिन्छ ? म फर्केर जान सक्दिन ... मलाई तैंले मार्दा नै मेरो कल्याण हुन्छ ।"

हाए वा कुरा बनाएर रून थाल्यो, उसले रून छाडेन बरू जमिनमा बसेर सुँक्क सुँक्क गर्न थाल्यो । उसले दुवै हातले अनुहार छोपेको थियो । टाउको तलतिर झुकाएर हातको कुहिनाले खल्तीमा भएको चिट्ठी छामिरहेको थियो । यो चिट्ठी शत्रुको हातमा पर्नु हुँदैन ! यदि 'काले कुकुर'को नजर यसमा पर्‍यो भने सारा भण्डाफोर हुनेछ ।

तर 'काले कुकुर'ले हाए वाको खल्तीको तलासी लिएन र यसो गर्ने कुरा पनि सोचेन । हाए वाको रूवाईले यस कठपुतलीलाई साँच्चैको उल्लु बनाइदिएको थियो ।

जापानी सिपाही गाउँबाट रवाना हुँदै थिए र तिनीहरूलाई बाटो देखाउने व्यक्तिको आवश्यकता थियो । 'काले कुकुर'ले हाए वाको गर्दनमा समात्यो र करायो, "रून कराउन बन्द गर र शाही फौजलाई बाटो देखा ! यदि तँ यसरी नै कराइराखिस् भने म तँलाई गोली ठोकिदिन्छु !"

वास्तवमा यसरी रूने उसको बानी थिएन त्यसैले केही समय हिंडेपछि उसको रूवाई बन्द भयो । फेरि 'काले कुकुर' तर्फ हेरेर उसले झुठ बोल्यो, "हाकिम साहेब कृपया जापानी अफिसरसँग बिन्ती गरेर मलाई पनि सेनामा भर्ती गरिदिनुस् । म अब घर फर्कन सक्दिन ।"

'काले कुकुर' नाकाको पोरा फुलाएर बोल्यो, "तँ त खालि खाना खान मात्र जान्दछस् । तर सेनामा भर्ती हुन चाहन्छस् । बन्दुकको भारीले तेरो प्राण निस्किन्छ ।"

हाए वाले रून्चे मुख लगाएर प्रार्थना गऱ्यो, "हाकिम साहेब, मलाई बचाउनुस् । कृपया जमिन्दारलाई मेरो सिफारिस गर्दिनुस्, ऊसँग मलाई नोकरीबाट ननिकाल्न भन्दिनुस् ।"

'काले कुकुर'सँग यस्ता कुराहरू सन्ने फुर्सद थिएन । उसले हाए वालाई भेडा भएको वारीमा लग्यो । गाउँतिरबाट आइरहेका कठपुतली सेनाहरूले 'काले कुकुर'लाई देखेर चिच्याए, "तैंले यसलाई कसरी समातिस् ? यो हरामी कता भागेको थियो ? जापानी अफिसरलाई तत्काल सूचना दे । उहाँ प्रस्थान गर्न चाहनुहुन्छ ।"

'काले कुकुर' केही बोल्नै लागेको थियो त्यसै बेला गाउँमा सिठ्ठी बज्यो । दुश्मनका सैनिकहरू एकत्रित भइरहेका थिए । कठपुतलीहरूले आ–आफ्ना राइफल बोकेर त्यतै दौडिए । 'काले कुकुर' हाए वालाई देखेर गर्जियो, "भेडा छिटो हिंडा । यदि तँ फेरि भागिस् भने म तँलाई गोलीले उडाइ दिन्छु ।" यति भनेर ऊ पनि टोपी मिलाउँदै त्यतै दौडियो ।

हाए वा वारीमा एक्लै भयो । अब भाग्न पाउने कुनै आश थिएन, त्यसैले उसले चिठ्ठी फेरि लुकाउने कुरा सोच्न थाल्यो । "हुनसक्छ ठुटे जुँगेले मेरो पकेटको तलासी लिन सक्छ ।" उसले मनमनै सोच्यो र चिठ्ठी फेरि अगुवा भेडीको पुच्छरमा लुकायो र भेडालाई सैनिकहरू जम्मा भएको चौरतर्फ निसंकोच भएर हाँक्न थाल्यो ।

दुश्मनका सिपाही बाङ्गो–टिङ्गो पंक्तिमा उभिएका थिए । घाममा उनीहरूको संगीन चम्किरहेका थिए । सबैले हाए वालाई घुरेर हेरे । 'काले कुकुर' जुँगेको अगाडि बाँस जस्तै सोझो भएर उभिएको थियो । जुँगे दुवै हातमा तरवार लिएर उभिएको थियो । उसले 'काले कुकुर'लाई गाली गरिरहेको थियो तर जब हाए वालाई देख्यो तब गाली गर्न छाडेर हाए वालाई घुरेर हेऱ्यो ।

हाए वाले सोच्यो, शायद उसलाई फेरि कुटिन्छ । उसले अनयास नै हात पकेटमा पुऱ्यायो । उसले मनमनै भन्यो, "यदि तैंले कुट्नु नै छ भने कुट । तर म चिठ्ठी कुनै पनि हालतमा पुऱ्याएर नै छाड्दछु ।"



# सानवाङ पहाड

जापानी अफिसरसँग न त हाए वालाई कुट्ने फुर्सद थियो न पकेटको खानतलासी लिने समय थियो । उसले कड्केर यति मात्र भन्यो, "हामीलाई चाँडो सानवाङ पहाडतर्फ लैजा !"

हाए वाले तुरून्त जवाफ दियो, "मलाई थाहा छ यतातिर आउनुस् !" तर उसको मुटु ढुक ढुक गरिरहेको थियो ।

जापानीले तरवार हल्लायो । दुश्मनका सैनिकहरू त्यहाँबाट प्रस्थान गरे ।

हाए वाले आफू बीचमा बसेर भेडा हिंडाउन थाल्यो । उसका पछि पछि कठपुतली सिपाही र तिनको पछाडि घोडामा जापानीहरू हिंड्न थाले ।

"यस पटक तिमीहरू कम्पनी कमाण्डर चाङ र उनका साथीहरूद्वारा बिछ्याइएको जालमा पर्ने छौ !" हाए वाले मनमनै भन्यो, "तिमीहरूलाई राम्रैसँग मार्नेछन्, त्यसो नभए यो चिट्ठी पुऱ्याउने कुनै आश छैन ।"

छोटो जुँगेले हाए वालाई ज्यादै दुःख दिएको थियो । उसले कहिले पहाडको बाटोको बारेमा सोध्दथ्यो त कहिले 'चाँडो हिंड' भन्दै भेडालाई कुट्न भन्थ्यो । यसले गर्दा हाए वा त्यो जुँगेसँग ज्यादै रिसाएको थियो ।

हाए वा त्यतिबेला साँच्चिकै चिन्तित भयो जतिबेला भेडाहरूले आ–आफ्ना पुच्छर उठाएर जुतो निकाल्न थाल्यो । यदि बुढी भेडीले पनि यस्तै गरेमा चिट्ठीको पर्दाफास हुनेछ ।

बुढी भेडीले पनि पुच्छर उठाउनै लागेको थियो त्यसैबेला हाए वाले देख्यो र बडो फूर्तिसाथ माटोको एक डल्ला उठाएर त्यसलाई ताकेर हान्यो र करायो "हो ... हो ... ।" माटोको डल्लाले बुढी भेडीके पुच्छरमै लाग्यो र डराएर त्यसले पुच्छर तल झारेर दौडन थाल्यो । हाए वाले अझ एक पटक त्यसलाई कुट्यो ।

हाए वाको त्यस कार्यले छोटो जुँगे खुशी भएर भन्यो, "राम्रो ! धेरै राम्रो ! अझ चाँडो !"

हाए वाले लगातार डल्ला बर्साइरह्यो साथसाथै कोर्रा पनि चलाइरह्यो । यसले गर्दा विचरो बुढी भेडीले पुच्छर तल राखिराख्नु पर्‍यो । र सानवाङ पहाडको मैदानी भागमा नपुगुन्जेल दौडिरहनु पर्‍यो ।

सानवाङ पहाड एउटा राम्रो रणभूमी हो । जापानी सिपाही हाम्रो जालमा फँस्ने छन् । यस बखत हाम्रा मान्छेहरू सायद पहाडमा व्यस्त होलान् । हाए वाको नजरले पहाडको चुचुरोमा 'संकेत वृक्ष'लाई खोज्न लाग्यो । रूख यथास्थानमा थियो तर जब जापानीहरू मैदानमा पुगे, रूख गाएब भयो । यसबाट यो कुराको पुष्टि हुन्थ्यो कि हाम्रो कमान हेडक्वार्टरले शत्रुहरूलाई देखेको छ ।

तर, जापानीहरू यस बारेमा पूरै अनभिज्ञ थिए । उनीहरू भञ्ज्याङ्मा आराम गरिरहेका थिए । छोटो जुँगे चौरमा बसेर चुरोट तानिरहेको थियो, अरूहरू बचेखुचेको मासु खाइरहेका थिए । तर कठपुतली सिपाहीहरूले केही खाएका थिएनन् । त्यसैले तिनीहरू पहाडतर्फ उक्लन थाले ।



हाए वाले आराम गरेन । ऊ त्यहाँ जापानीहरूसँग बसेर किन गोलीको शिकार बन्दथ्यो ? यदि ऊ घाइते भयो भने चिट्ठी कसले पुऱ्याउँछ ? उसले भेडालाई चर्न छोडिदियो र सोच्न थाल्यो– "कम्पनी कमाण्डरले गोली चलाउन शुरू गरे कति राम्रो हुने थियो । यदि गोली चल्न थाल्यो भने ऊ पहराको एउटा कुनामा लुक्नेछ । कम्पनी कमाण्डरले उसको चिन्ता गर्नु पर्दैन !" ऊ चाहन्थ्यो भेडाको कारणले गोली चलाउन बन्द नगरून् । शत्रुलाई पराजित गरेर मात्रै चिट्ठी पुऱ्याउन सकिनेछ ।

तर पहाडको चुचुरोबाट एउटै पनि गोली चलेन र कठपुतली सिपाही पहाडको आधा बाटो पार गरिसकेका थिए । तर गोली चलेको आवाज आएको थिएन । आखिर के भएको थियो ?

हाए वा चिन्तित भयो । तर ठीक त्यसै बेला अचानक एक भिषण विष्फोटन भयो र पहाड कालो धुवाँले ढाकियो । कठपुतलीहरूको खुट्टा माइनमा परेको थियो । माइनको एउटा आक्रमणले कैयौंको ज्यान लियो ।



माइनबाट केही मात्रै बचेर बाहिर निस्किए र नजिकैको चट्टानको पछाडि लुक्न थाले तर त्यहाँ पनि अर्को विष्फोटन भयो । एउटा पछि अर्को गरी माइनहरू पड्कन थाले जसले गर्दा पूरै इलाका थर्कन थाल्यो । कठपुतली सिपाहीहरू कम्पनी कमाण्डर चाङद्वारा बिछ्याइएको माइनको जालमा परेका थिए । सबैभन्दा पहिले 'काले कुकुर' पहाडबाट लड्खडाउँदै ओर्लियो । उसले हातले टाउको समातेर कराइरहेको थियो, "हे भगवान, मेरो टाउको फुट्यो !"

हाए वाले मुस्किलले हाँसो रोक्यो । 'काले कुकुर'को टाउको अझसम्म ठीकै थियो, उसको बाङ्गो मुखबाट रगत बगेर गर्दनतिर गइरहेको थियो । माइन पड्केर उसको टाउकोमा चोट लागेको थियो वा अत्तालिएर आफ्नो टाउको कुनै चट्टानमा ठोक्यो यो कसलाई थाहा !

'काले कुकुर'को टाउको वा अन्य घायल सिपाहीहरूको पर्वाह नगरी छोटो जुँगेले छोटो बाटोतर्फ देखाएर हाए वालाई आदेश दियो, "तँ अघि हिंड हामीलाई बाटो देखा ! शाही फौज तेरो पछिपछि हिंड्नेछ । बुझिस् ?"

❖

# भेडाको गोरेटो

हाए वा टोलाइरह्‍यो । उसले मुख खोलेको थियो । उसले 'काले कुकुर'लाई यसरी हेर्‍यो मानौं छोटो जुँगेको कुरा केही सुनेकै छैन ।

'काले कुकुर'ले जमीनमा बसेर खुट्टाको पट्टी खोलिरहेको थियो । "जापानी अफिसरले तँलाई भेडा सहित अघि बढ्ने आदेश दिंदै हुनुहुन्छ !" उसले पट्टी बाँध्दै करायो ।

"म यो काम गर्दिन," हाए वाले विरोध गर्‍यो । "त्यहाँ माइनहरू ओछ्याइएको छ । नाइँ, म त्यहा जान सक्दिन !"

"मुर्ख !" छोटो जुँगेले तरवार तानेर गर्जियो, "खुरूक्क बाटो देखा !"

'काले कुकुर'ले पनि गाली गर्‍यो, "कुकुर्नीको छाउरा ! तँ अगाडि नगए के म जाउँ त्यो माइनमा ?"

हाए वाले जापानीलाई हेर्‍यो, उसको हातमा तरवार चम्किरहेको थियो । उसले वरिपरि चारैतर्फ आँखा दौडायो, सबै राइफल ऊ तर्फ नै सोझिएका थिए । "नजान सम्भव छैन ! के यी हिंस्रक पशुले उसलाई गोली हाने माइनबाट तिनीहरू जानु पर्दैन ?"

हाए वाले सानवाङ पहाडतिर हेर्‍यो, दुश्मनको लागि बिछ्याइएका माइनहरू चमत्कारिक ढंगले पड्किरहेका थिए ।

कमान हेडक्वार्टरलाई पठाइएको गुरिल्लाले दिएको उक्त चिट्ठीलाई त्यस माइनमा नष्ट हुनबाट बचाउनु पर्ने कुरा हाए वालाई थाहा थियो । किनभने ऊ जापान विरोधी बाल समितिको नेता थियो, त्यसैले जापान विरोधी छापामारहरूले राखेका माइनहरूलाई उसले कुल्चन नहुने थियो तर शत्रुलाई त्यहींबाट जान दिनु पर्दथ्यो ।

हाए वाले सानवाङ पहाडमा भेडालाई पहिल्यै पनि लगिसकेको थियो र सन्देश पनि पुऱ्याएको थियो । उसलाई त्यहाँका प्रत्येक बाटाहरू एवम् कुना काप्चाहरूको बारेमा पूरा ज्ञान थियो । र, रातीको समयमा पनि ऊ त्यहाँ आरामसँग हिंड्न सक्दथ्यो । तर आज यो बाटो उसलाई ज्यादै लामो लाग्यो ।

जापानी अफिसरले सावधान हुने आदेश दियो र उसका सिपाहीहरूले चिच्याएर त्यसको उत्तर दिए । उनीहरूले आफ्नो राइफल सम्भाले र गोली चलाउन तयार भए । बुढी भेडी डराएर काम्न थाली जसले गर्दा उसको घाँटीको घण्टी बज्न थाल्यो ।

"ठीक छ ! म जान्छु !" हाए वाले आफैलाई भन्यो, "तिमीहरूले भेडालाई माइनमा हुल्नुभन्दा बरू मै भेडालाई लिएर जान्छु । राक्षसहरू ! तिमीहरू यही चाहन्छौ कि म माइनको शिकार बनूँ र तिमीहरू टाढै बसेर सुरक्षित रहू, तर यो तिमीहरूको सपना मात्रै हो । म कुनै पनि माइनको शिकार बन्दिन तर तिमीहरू यहाँबाट बाँचेर फर्कन सक्दैनौ ।"

हाए वाले कोर्रा हल्लाएर अगुवा भेडीलाई धपाउन थाल्यो, त्यसको घाँटीमा बाँधिएको घण्टी बज्न थाल्यो । उसले आफ्नो भेडाको बथानमा बिस्तारै भनिरहेको थियो : "अगुवा भेडीको पछि हिंड्नु ! यता उता न भौंतारिनु ! बाटोमा भुमिगत माइनहरू छन् । खोल्साहरूमा पत्थरको माइन छन् । घाँसमा डोरीको माइन छन् रूखमा झुण्डिएको माइन छन् जुन कुनै पनि चट्टानमा तिमीहरू बस्दा त्यो पड्किहाल्छ । अगुवा भेडाको पछाडि हिंडिरहनु ।"

थाएसाङ पर्वतमाला नीलो आकाशमुनि टाढा क्षितिजसम्म फैलिएको थियो । यी पर्वतमाला ज्यादै गौरवशाली देखिएका थिए । सानवाङ पहाडलाई सेता बादलहरू


झुकेर अङ्कमाल गरिरहेका थिए । हाए वा आफ्नो कोर्रा हल्लाउँदै अगाडि बढिरहेको थियो । ......

"चाँडो हिंड् ! अझ चाँडो हिंड् !" छोटो जुँगेले हाए वालाई अत्याउन थाल्यो । हाए वा पछाडि फर्केर हेऱ्यो, कुनै पनि सामान नबोकाइएका घोडाहरू पनि निकै पछाडि थिए, त्यसको पछाडि कठपुतली सैनिकहरू हिंडिरहेका थिए भने तिनीहरूभन्दा पनि पछाडि जापानी सैनिकहरू थिए र सबैभन्दा पछाडि छोटो जुँगे जापानी अफिसर आइरहेको थियो । छोटो जुँगेले आफ्नो तरवार घुमाएर ज्यादै कर्कश स्वरमा करायो, "चाँडो हिंड् ! अझ चाँडो हिंड् !"


हाए वाले आफैलाई भन्यो कि किन हतार गरिरहेका छन् अब त एकैछिनको त कुरा हो जब यिनीहरूको यो गिरोह न माथि चढ्न न तल झर्न नै योग्य रहने छन् । उसले सोध्न चाहन्थ्यो, "यति सारो हतार किन ?"

हाए वा चतुरतासाथ एउटा चट्टान पछि अर्को चट्टान गर्दै घुम्दै अगाडि बढ्न थाल्यो । भेडाहरू एउटा झङ्गनिर पुगेर भ्या भ्या गर्न थाले । अब ऊ कुन बाटोबाट जाने । त्यहाँ एउटा छोटो तर अप्ठेरो बाटो थियो र अर्को भेडाको गोरेटो ।

पछिल्लो बाटो गोठालाहरूको आवत जावतको कारणले बनेको थियो



जुन अत्यन्त विकट थियो । अब जापानीहरू यति पछाडि थिए कि हाए वाले उनीहरूलाई देखेन ।



यदि तिमीहरूको भित्र शक्ति छ भने मेरो पछि पछि आओ ! हाए वाले यस्तो चुनौति दिइरहेको छ । अब उसले भेडालाई गोरेटोबाट लगिरहेको थियो । ऊ झाडीभित्र पस्यो र केही क्षणपछि त्यस झाडीबाट बाहिर निस्कियो । तब उसले तल 'काले कुकुर' कराएको सुन्यो ।

"तँ गलत बाटोबाट जाँदैछस्" ऊ करायो । "सही बाटोबाट हिंड् !"

"होइन, यो गलत बाटो होइन," हाए वाले चिच्याएर जवाफ दियो । "यो छोटो बाटो हो । ढुक्क भएर आउनुहोस् !"

"के हाम्रो घोडाहरू यो उकालो चढ्न सक्दछन् ?"

"अवश्य, आरामसँग चढ्न सक्छ !" हाए वाले कोर्रा हल्लाउँदै

जवाफ दियो । ऊ एउटा ठूलो चट्टान माथि चढ्यो र त्यहाँ यसरी हिंड्न थाल्यो मानौं समथर मैदानमा हिंडिरहेको छ । अब जापानी निकै पछाडि छोडिएका थिए ।

"पख् !" तलबाट कठपुतली सिपाही चिच्याउन थाल्यो । "घोडा माथि चढ्न सक्दैन ! त्यहीं अड् !" हाए वाले देख्यो घोडा चट्टानको फेदीमा रोकिइरहेको थियो ।

"बस, तपाईंहरू यहाँ माथि आउनुस्, अनि त हिंड्न सजिलो छ ।" हाए वाले तिखो स्वरमा भन्यो । "यहाँ समथर छ । घोडाहरू लिएर माथि चढ ।"

जापानीहरूले घोडाको लगाम खुब ताने र माथि चढ्ने लाख कोशिस गरे, तर घोडा कुनै पनि हालतमा टसको मस भएनन् बरू त्यहीं थचक्कै बसे । हाए वा खुशी भएर करायो, "जब बुढो घोडा हिंड्न छाड्छ, तब त्यसको पुच्छर निमठ्नु पर्छ ! चाँडो गर्नुस् !" घोडाको पुच्छर र लगाम खिचेर दुश्मनको गिरोह बडो मुस्किलले त्यस चट्टान माथि चढे ।

हाए वा एकपछि अर्को गर्दै कैयौं चट्टानहरू पार गर्दै माथि माथि चढ्दै गयो । तर अब अझ ठूला ठूला चट्टानहरू आउन थाले, बाटो ज्यादै दुर्गम बन्दै गयो । दुश्मन केही पाइला हिंड्नासाथ आराम गर्न रोकिनुपर्ने भयो । यसरी उनीहरू अब हाए वाको आँखाबाट ओझेल परे ।

हाए वा एउटा उकालोको बीचमा पुग्दा छोटो जुँगेले बिस्तारै हिंड्न आदेश दिएको सुन्यो ।

हाए वा त्यसलाई सुनेको नसुन्यै गरी अझ चाँडो चाँडो हिंड्न थाल्यो । जापान विरोधी बाल संगठनको नेता कहिल्यै दुश्मनको आदेश मान्न सक्दैनथ्यो, त्यसैले ऊ चाँडो चाँडो दौड्न थाल्यो ।

"पख् ! पख् ! यदि अडिनस् भने गोली मार्दिन्छु !" 'काले कुकुर' चिच्याउन थाल्यो । तर हाए वा रोकिएन । तब जापानीहरूले ऊमाथि गोली चलाउन थाले जुन उसको टाउको माथिबाट सायँ सायँ गर्दै चट्टानमा ठोकिन थाल्यो ।

हाए वा यसको जवाफमा कोर्रा चाँडो चाँडो चलाइरहेको थियो र छिटो छिटो उकालो चढिरहेको थियो । ऊ भेडा सहित कहिले झाडीमा हराउँथ्यो कहिले देखिन्थ्यो ।

गोलीहरू उसको नजिकैबाट जाँदै थियो र फेरि मेसिन गन चलेको आवाज पनि सुनिन थाल्यो ।

हाए वा घाँसमा लड्न पुग्यो । उसको सास ज्यादै बढेको थियो ।

"जापानी आइरहेका छन् ! गोली चलाउनुस् ! चाँडो !" उसको आवाज पहाडमा ठोक्किएर प्रतिध्वनित भयो ।

❖



# हाए वालाई गोली लाग्यो

अचानक पहाडको चुचुराबाट गोलीको वर्षा भयो र निरन्तर गोली चल्न थाल्यो । पहाडबाट छापामारहरूले गोली चलाउन शुरू गरेका थिए । गोली चलेको आवाजले हाए वाको खुट्टामा फेरि शक्तिको संचार भयो र ऊ उठेर फेरि चुचुरातर्फ दौडन थाल्यो । तर ऊ २/४ कदम मात्रै के हिंडेको थियो चिच्याएर लड्यो ।

त्यसैबेला खैरो वर्दी लगाएको आठौं मार्ग सेनाको एकजना सैनिक चुचुरोतिरबाट दौडेर आयो र हाए वालाई काखमा बोकेर पहाडको अर्कोतर्फ लग्यो । र, उसले ठूलो स्वरमा भन्यो, "यो सानो गोठालो घाइते भयो !"

यो सुनेर आठौं मार्ग सेनाको अर्को व्यक्ति जसको हातमा पेस्तोल थियो, आयो र निहुरिएर हाए वालाई हेर्न थाल्यो । "के यो हाए वा त होइन ?" उसले भन्यो, "यो त्यही लुङमन गाउँको गोठालो हो, जो प्रायः जसो खबर लिएर आउने गर्दथ्यो । यो दुश्मनको फन्दामा कसरी पऱ्यो ?"

हाए वाले आँखा खोल्यो । उसको आँखाबाट आँशुको भेल आयो किन कि जो व्यक्ति बोलिरहेका थिए, उनी कम्पनी कमाण्डर चाङ नै थिए ।

उनलाई देखेर हाए वा हर्ष विभोर भयो । ऊ कमाण्डरलाई तुरून्त अगुवा भेडी भएको ठाउँमा लैजान चाहन्थ्यो तर ऊ हिंड्न त परै रहोस्, चल्न सम्म पनि सकेन । उसको आँखा अगाडि सबै वस्तु मधुरो हुँदै गइरहेको थियो र मुखबाट बिस्तारै रोकिंदै शब्दहरू निकालिरहेको थियो ।



"तीन प्वाँख भएको चिट्ठी... बुढी भेडी...... खोज्नुहोस्......"

हाए वालाई मलम पट्टी गर्दै चाङले सोधे, "कुन चाहीं बुढी भेडी ? चिट्ठी कहाँ छ ?....."

"अगुवा भेडी । चिट्ठी तल त्यसको पुच्छर....... होइन ..... त्यसको पुच्छरको तल .... " यति भन्नासाथ ऊ फेरि मुर्छा पऱ्यो । छापामारहरू र छोटो जुँगे एवम् 'काले कुकुर' कसरी भिडे हाए वाले देख्न सकेन । हाए वाले जापानी सिपाहीहरूलाई कसरी परास्त गरियो भन्ने पनि थाहा पाएन ।

हाए वाको होस आउँदा सारा शरीर पीडाले दुःखिरहेको पायो तर ऊ न्यानो काङमाथि आरामसँग सुतिरहेको थियो र उसको शरीर नरम रातो कम्मलले ढाकिएको थियो । सूर्यको किरणले झ्यालबाट चियाइरहेको थियो । घामको उज्यालोमा कम्मल अझ बढी सुन्दर देखिएको थियो ! उसको नजिकै बिस्कुट एवम् मिठाइको डिब्बा थियो । हाए वाको नजिकै बसेर चाङ मुस्कुराइरहेका थिए ।

"के तिमी अब ठीक भयौ ? कि अझै पनि दुखिरहेको छ ?"

दुखाइको वास्तै नगरी हाए वाले सोध्यो, "यो कुन ठाउँ हो ? यो सबै चीज कसको हो ?"

"यो सबै चीज तिम्रो हो ।" चाङले भने । के चाङले उसको साथमा ठट्टा गरिरहेका छन् ? हाए वाले यस्तो रातो हरियो डब्बा पहिले कहिल्यै देखेको थिएन । "नाईं, यो सामान मेरो होइन !" उसले भन्यो ।

चाङ मुस्कुराउन थाले । "के तिमीले त्यो चिट्ठीलाई बिर्सियौ जुन हिजो मलाई ल्याएका थियौ ? यसमा मैदानी क्षेत्रको स्थितिको बारेमा सूचना थियो जुन तिम्रो बा'ले पठाउनु भएको थियो । त्यसमा लेखेको थियो कि छ्येनचओ गाउँको किल्लामा बसेका सबै जापानीहरू पहाडमा अन्न लुट्न गएका छन् । किल्लाको सुरक्षाको लागि केही कठपुतली सैनिक मात्रै छाडेर गएका छन् । उनले आक्रमणको लागि सेना पठाउन चिट्ठी लेखेका थिए । त्यसैले गएको राती हाम्रो संयुक्त कमान हेडक्वार्टरले 'रात्री बाघ कम्पनी' पहाडमा भएको गुरिल्ला छापामार दस्ता र जापान विरोधी युवा दस्ताको नेतृत्व गरी मैदानमा गयौं । सबैभन्दा पहिले हामीले दुश्मनहरूलाई घेरा हाल्यौं र गाउँको बाहिर लडाईं शुरू गऱ्यौं । तिम्रो बा'को नेतृत्वमा गाउँको छापामार

दस्ता गाउँ भित्र लडिरहेको थियो । हामीहरूले आपसी सहयोग गरी कार्यवाही गऱ्यौं र किल्ला कब्जा गऱ्यौं ।"

"छोटो जुँगेलाई के गरियो ?" हाए वाले सोध्यो ।

"को ?"

"त्यही जापानी जसले 'काले कुकुर' र उसको गिरोहसँग मिलेर सानवाङ पहाडसम्म पिछा गरेको थियो ?"

"तिम्रो मतलब, दुश्मनको त्यो टुकडी जुन पहाडमा अन्न लुट्न निस्किएको थियो ?" चाङ हाँसे । जब उनीहरूले आफू खतरामा परेको चाल पाए तब पुच्छर लुकाएर भागे । बीच बाटैमा तिनीहरू हाम्रो जालमा परे र सबैको सफाया भयो ।..... यदि सूचना नमिलेको भए हाम्रो विजय हुने थिएन, विजय नभएको भए हामीले यो उपहार कहाँबाट पाउँथ्यौं र ?"



चाङले हाए वाको टाउकोमा हात सहलाउँदै भने, "तिमी साँच्चिकै आठौं मार्ग सेनाको एउटा बाल सिपाही हौ, हाम्रो एक वीर बालक ! यी डिब्बाहरू कमान हेडक्वार्टरले तिमीलाई दिएको हो ।"

हाए वा खुशीले मुस्कुराएर सोध्यो, "के हामीले राइफल पनि भेट्टायौं ?"

"ल हेर !' चाङले एउटा कुनातर्फ देखाएर भने ।

त्यहाँ नयाँ राइफलहरूको एक थुप्रो थियो ।

"मलाई एउटा दिनुस् ! मलाई एउटा राइफल दिनुस् ।" हाए वाले रातो कम्मललाई एक छेउतिर पन्छाउँदै भन्यो ।

तर जब उसले हात अघि बढायो, घाउको पीडाले गर्दा उसको मुखबाट मधुरो चित्कार निस्कियो ।........

लेखन : १९४५ जूलाई
संसोधन : १९७२ मे

# समाप्त